(नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम तयार गरिएको)

# वार्षिक प्रतिवेदन

(आ.व. २०७६/२०७७)

नेपाल कानून आयोग

बानेश्वर, काठमाडौं

भदौ, २०७७

मितिः२०७७/०५/०४

**विषयः वार्षिक प्रतिवेदन ।**

माननीय मन्त्रीज्यू,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

नेपाल कानून आयोगले आर्थिक वर्ष २०७६/७७ (२०७६ श्रावण १ गते देखि २०७७ असार मसान्तसम्म) सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ को प्रयोजनका लागि माननीय मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष पेश गरेको छु ।

भवदीय,
(माधव पौडेल)
अध्यक्ष

# संक्षेपिकरण

आ.व.: आर्थिक वर्ष

आयोगः नेपाल कानून आयोग

ऐनः नेपाल कानून आयोग ऐन, २०६३

# बिषय सूची

## परिच्छेद -एक

## नेपाल कानून आयोग


| | |
|---|---|
| १.१ बिषय प्रवेश | १ |
| १.२ नेपाल कानून आयोगको विकासक्रम | २ |
| १.३ आयोगको गठन र संगठनात्मक संरचना | ५ |
| १.३.१आयोगको गठन | ५ |
| १.३.२ हाल कार्यरत आयोगका पदाधिकारीहरु | ६ |
| १.३.३ आयोगको संगठनात्मक संरचना | ७ |
| १.४ आयोगको काम, कर्तव्य र अधिकार | ८ |
| १.५ बार्षिक प्रतिवेदन | १० |
| १.६ आयोगलाई उपलब्ध साधन श्रोत | १० |
| १.६.१ मानव श्रोत | १० |
| १.६.२ भौतिक साधन स्रोत | ११ |
| (क) आयोगको भवन | ११ |
| (ख) पुस्तकालय | ११ |
| (ग) सवारी साधन | १२ |
| १.६.३ आयोगको वित्तीय स्थिति | १२ |


## परिच्छेद -दुई

## कानून सुधारमा आयोगको भूमिका


| | |
|---|---|
| २.१ विषय प्रवेश | १३ |
| २.२ आयोगले विधेयक मस्यौदा गर्दा विकास गरेको अभ्यास | १६ |

## परिच्छेद -तीन

## आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक कार्यक्रम र कार्यप्रगति


३.१ बिषय प्रवेश १८

३.२ आयोगले सञ्चालन गरेका कार्यक्रमहरु १९

३.२.१ विधेयक मस्यौदा तर्जुमा १९

३.२.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु २०

३.२.३ अन्तरक्रिया तथा गोष्ठी २१

३.२.४. कानूनको जानकारी गराउने तथा सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program) २१

३.२.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन २२

३.२.६ आयोगको वेबसाइट तथा एप्स (Apps.) सम्बन्धी २२

३.२.७ राय–सुझाव संकलन २३

३.२.८ अन्तर्राष्ट्रियस्तरको भेटघाट कार्यक्रम २३


## परिच्छेद- चार

## कानून र न्याय क्षेत्रमा नेपाल सरकारले गर्नु पर्ने सुधारका लागि सुझाब तथा सिफारिस


४.१ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को पूर्ण कार्यान्वयन २५

४.२ संविधानको धारा १८ को उपधारा (५) को व्यावहारिक कार्यान्वयन २६

४.३ विवाहको मान्यताका लागि विवाहको दर्ता २७

४.४ घृणायुक्त अभिव्यक्ति (Hate Speech) निवारण सम्बन्धी कानून निर्माण ३०

४.५ सपुर्दगी र पारस्परिक कानूनी सहायता सन्धि ३२

४.६ कैद वापत रकम लिई सजाय कार्यान्वयन ३३

४.७ कानून आयोगको जिम्मेवारी र भूमिकाको पुनरावलोकन ३४

४.८ सम्पत्ति मूल्याङ्कनकर्ताको एक छुट्टै पेशाको रुपमा विकास ३४

४.९ कोभिड-१९ को कारणबाट उत्पन्न परिणामलाई संवोधन गर्न कानूनी व्यवस्था गर्ने ३५

४.१० आयोगको विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन ३५

## परिच्छेद-पाँच

## आयोगको अवसर र चुनौतिहरु

५.१. अवसरहरु ३६

५.२. चुनौतिहरु ३६

## परिच्छेद–छ

## नेपाल कानून आयोगको भूमिकाको प्रभावकारिता

६.१. जनशक्ति व्यवस्थापन ३८

६.२. वृत्तिविकास र ब्यावसायिक विकास (Career Development and Professional Development) ३८

६.३. भौतिक पूर्वाधार ३९

६.४. कानून सम्बन्धी अध्ययन, अनुसन्धान र प्रकाशनको व्यवस्था ३९

# अनुसूचीहरु


| | | |
|---|---|---|
| अनुसूची–१ | नेपाल कानून आयोगमा वि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली | ४० |
| अनुसूची–२ | नेपाल कानून आयोगमा वि.सं.२०१० सालदेखि हालसम्मका उपाध्यक्षको नामावली | ४१ |
| अनुसूची–३ | प्रशासनिक संगठन संरचना | ४२ |
| अनुसूची–४ | कर्मचारी दरबन्दी | ४३ |
| अनुसूची– ५ | कार्यरत कर्मचारीको नामावली | ४४ |
| अनुसूची– ६ | आयोगको वर्तमान भौतिक अवस्थाको विवरण | ४६ |
| अनुसूची– ७ | आयोगको वित्तीय विवरण | ४७ |
| अनुसूची– ८ | आर्थिक वर्ष २०७६/०७७ को वार्षिक कार्यक्रम | ४९ |
| अनुसूची– ९ | आर्थिक वर्ष २०७६/७७ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकको सूची | ५४ |
| | (१) राष्ट्रिय सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | |
| | (२) विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | |
| | (३) नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक | |
| अनुसूची–१० | इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरुको नामावली | ९२ |
| अनुसूची–११ | आयोगको वेबसाइटमा रहेका कानूनहरुको विवरण | ९३ |

# कार्यकारी सारांश

१. नेपालको सन्दर्भमा कानून सम्बन्धी विषयहरुको अध्ययन अनुसन्धान र नयाँ कानूनको मस्यौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समयसापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण सम्बन्धी कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रुपमा कानून आयोगको गठन भएको पाइन्छ ।

२. हाल नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य गरिरहेको छ ।

३. आयोगवाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन् । आयोगमा हालको संगठन संरचना अनुसार कुल ३३ स्वीकृत दरबन्दी रहेको छ ।यी दरबन्दीहरुमध्ये १९ पद न्याय सेवा, १ पद प्रशासन सेवा, लेखा समूह, २ पद बिबिध सेवा, ३ पद प्रशासन सेवा, सामान्य प्रशासन समूह, ३ पद हलुका सवारी चालक, ४ पद कार्यालय सहयोगी र १ पद स्वीपर गरी जम्मा ३३ पदको श्रृजना गरिएको छ ।

४. आर्थिक वर्ष २०७६/७७ मा आयोगका लागि वजेट उपशीर्षक नं. ३११२१०११३ (चालू खर्च) अन्तर्गत रु. ३,३२,४०,०००।- र वजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रु. ७७,८५,०००।- वार्षिक वजेट निकासा प्राप्त भएको थियो ।

५. आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्यक्रममा आयोगलाई चारवटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भएकोमा देहायका तीनवटा विधेयकहरु तर्जुमा गरी आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छः

(क) राष्ट्रिय सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

(ख) विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

(ग) नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक ।

६. आ.व.२०७६/०७७ मा तर्जुमाको कार्य प्रारम्भ गरिएका तर कार्य सम्पन्न भई नसकेका बिधेयक यस प्रकार छन्ः-

(क) गैर आवासीय नेपाली सम्वन्धी ऐन, २०६४ लाई संशोधन गर्न बनेको बिधेयक ।

७. आयोगले आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत चार वटा अन्तरक्रिया तथा गोष्ठी गर्ने कार्यक्रम रहेकोमा दुई वटा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न भएको छ भने तीन वटा कानूनी प्रचार प्रसार कार्यक्रम (Legal Dissemination Program) गर्ने रहेकोमा दुई वटा कानूनी प्रचार प्रसार कार्यक्रम सम्पन्न भएको छ ।

८. इन्टर्नसिप कार्यक्रम अन्तर्गत नेपालका विभिन्न कलेजका कानून संकायमा स्नातक तहमा अध्ययन गर्ने पाँच जना विद्यार्थीलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा समेत संलग्न गराइएको छ।

९. आयोगले नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम देहायका विषयमा नेपाल सरकार समक्ष सिफारिश तथा सुझावहरु पेश गरेका छः-

- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को पूर्ण कार्यान्वयन

- संविधानको धारा १८ को उपधारा (५) को व्यावहारिक कार्यान्वयन
- विवाहको मान्यताका लागि विवाहको दर्ता
- घृणायुक्त अभिव्यक्ति (Hate Speech) निवारण सम्बन्धी कानून निर्माण
- सपुर्दगी र पारस्परिक कानूनी सहायता सन्धि
- कैद वापत रकम लिई सजाय कार्यान्वयन
- कानून आयोगको जिम्मेवारी र भूमिकाको पुनरावलोकन
- सम्पत्ति मूल्याङ्कनकर्ताको एक छुट्टै पेशाको रुपमा विकास
- आयोगको विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन

# परिच्छेद -एक

# नेपाल कानून आयोग

## १.१ बिषय प्रवेश

कानून, आधुनिक राज्य सञ्चालनको अनिवार्य तत्व र समाजको प्रतिविम्व (Reflection of Society) हो। समाज गतिशील हुन्छ र समाजको विकाससँगै मानवीय व्यवहार र सम्बन्धहरु पनि परिवर्तन हुँदै जान्छन्। कानूनको समयानुकूल परिवर्तनले नै नागरिक अधिकारको रक्षा र राज्यको आर्थिक तथा सामाजिक संरचनाको अग्रगामी परिवर्तन गर्न सकिन्छ। समाजलाई सहि ढंगले परिचालन गर्न असल कानूनको आवश्यकता पर्दछ। समाजमा शान्ति सुव्यवस्था र अमन चैन कायम गर्न कानूनको महत्वपूर्ण भूमिका रहने गर्दछ समाजमा रहेका हरेक विभेदलाई अन्त्य गरि समतामूलक समाजको सिर्जना गर्न र राज्यप्रतिको अपनत्व र विश्वासलाई कायम राख्न समेत कानूनको महत्वपूर्ण भूमिका रहने गर्दछ।

समाजमा रहेका विभेदलाई अन्त्य गर्न र व्यवहारमा रहेका कठिनाईहरुलाई सहजीकरण गर्न समयसापेक्ष कानूनहरु निर्माण गरिनु पर्दछ। राज्यमा कानूनको शासन कायम हुन कानून तर्कपूर्ण, यूक्तिसंगत र न्यायसम्मत (Reasonable, Rational and Judicious) हुनु पर्दछ। यसको लागि समाजको परिवर्तनसँगै परिवर्तित व्यवहारहरुलाई सहजीकरण र नियमन गर्न विद्यमान कानूनमा समसामयिक सुधार एवं परिमार्जन गर्नुपर्ने हुन्छ भने कतिपय पुराना कानून खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ ।विद्यमान कानूनमा समायानुकूल संशोधन, परिमार्जन र सुधार गर्दै राज्यको आवश्यकता अनुसार निरन्तर रुपमा समय सापेक्ष कानून बनाउने उद्देश्यले विश्वका विभिन्न मुलुकमा कानून आयोग वा कानून सुधार आयोगको गठन गर्ने गरेको पाइन्छ। कमन ल प्रणाली अपनाउने मुलुकहरुमा सामान्यतः कानूनको नियमित सुधार गर्न विशेष कार्यक्षेत्रगत शर्त (Terms of Reference) सहित छुट्टै आयोग गठन गर्ने गरेको देखिन्छ। सार्क मुलुकहरुमध्ये भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशमा कानून आयोगको गठन भएका छन्। त्यसैगरि, कमन ल प्रणाली अवलम्बन गर्ने बेलायत, क्यानडा, अमेरिका, न्यूजिलैण्ड, आयरलैण्ड, तान्जानिया, केन्या,

मरिशस, युगाण्डा, दक्षिण अफ्रिका लगायतका मुलुकहरुमा पनि कानून सुधार आयोग स्थापना गरिएका देखिन्छन्।

नेपालको सन्दर्भमा, कानून सम्बन्धी विषयहरुको अध्ययन, अनुसन्धान र नयाँ कानूनको तर्जुमा गर्ने तथा भइरहेको कानूनलाई समय सापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण समेतको कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रुपमा कानून आयोगको गठन भई निरन्तर रुपमा कार्य गर्दै आइरहेको छ।

## १.२ नेपाल कानून आयोगको विकासक्रम

नेपालमा औपचारिक रुपमा कानून निर्माण गर्ने पद्धतिको विकास हुनु भन्दा अघि विभिन्न धार्मिक ग्रन्थ र शास्त्रहरुका आधारमा शासन सञ्चालन गर्ने गरिएको पाईन्छ। नेपालको इतिहासमा सबैभन्दा पहिला किराँत कालमा देशको शासन विधान किराँत समुदायको पवित्र ग्रन्थ (जसलाई "किराँत मुन्धुम" भनिन्छ) द्वारा सञ्चालित थियो भने लिच्छवी कालमा विभिन्न धर्मशास्त्रहरु अनुसार न्याय प्रशासन सञ्चालन गर्ने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा "राजाज्ञा" र "सनद "जारी गर्ने गरेको पाइन्छ। सोहिकालमा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वानहरुसँग छलफल गरी "लोक व्यवहार" अनुसार कानून बनाउने गरेको इतिहास छ।

मल्ल कालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न "विद्वानहरुको समिति" बनाएका थिए। कानूनका विद्वानहरुको सहायता लिई चार वटा कानूनहरु गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्याय शास्त्र बनाई जारी गरको पाइन्छ। त्यसैगरी शाहकालीन राजा राम शाहले विभिन्न थितिको व्यवस्था गरी तत्कालीन समयको न्याय व्यवस्था र कानूनलाई उदार र समयानुकूल सुधार गरेका कारणले नै "न्याय नपाए गोरखा जानु" भन्ने लोकोक्ति चलेको पाईन्छ। राणा शासन कालमा जंगबहादुर राणाले वि.स. १९१० सालमा "मुलुकी ऐन" बनाउँदा कानून मस्यौदा गर्ने एक निकाय "कौशल अड्डा" गठन गरी २१० जना पदाधिकारीलाई मस्यौदा बनाउन निर्देशन गरेको इतिहासमा पाईन्छ। राणा शासन कालमा नै वि.स. १९९३ मा कम्पनी कानून, पेटेण्ट, डिजाइन र ट्रेडमार्क कानून तथा वि.स. १९९४ मा नेपाल बैंक कानून बनेको देखिन्छ।

वि.सं. २००७ सालको परिवर्तन पछि नेपालको शासन व्यवस्थामा आधुनिकीकरण शुरु भएसंगै कानून सुधारको क्षेत्रमा समेत बिशेष प्रयास शुरु गरेको देखिन्छ। सोही क्रममा कुनै नयाँ कानून निर्माण गर्न, कानूनको संहिताकरण गर्न तथा भइरहेका कानूनहरुको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन गर्ने लगायतका जिम्मेवारी कानून आयोगलाई सुम्पिने अभ्यासको शुरुवात भइ सोही अनुरुप विभिन्न समयमा देहाय बमोजिमका कानून आयोगहरु गठन भएको पाइन्छः-

(१) वि.सं २००९ को बुच कमिशनले सर्वप्रथम कानून आयोगको गठन गर्न नेपाल सरकारलाई सिफारिश गरेकोले मिति २०१०/९/६ को मन्त्रिमण्डल बैठकबाट "ल कमिसन" खडा गर्ने निर्णय भएको थियो। मन्त्रिमण्डलको निर्णय बमोजिम एक जना चेयरम्यान र छ जना सदस्य रहने तथा कमिशनको काम कारबाही सुचारु रुपले चलाउन देहायका तीन सेक्सनमा बाँडिने व्यहोरा उल्लेख भएको पाइन्छः-

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन।

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन।

(ग) मालको सवाल, अड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन।

कमिशनले नेपालको अन्तरिम शासन विधान, २००७ मा रहेका राज्यका निर्देशक सिद्धान्तसँग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसँग अनुकूल हुने गरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजहरुलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मस्यौदा तयार गरी सुझाव सिफारिश गर्ने गरी कमिशनको काम, कर्तव्य र अधिकार तोकिएको पाइन्छ। उक्त कमिशनले मिति २०१०/११/३ देखि कार्य प्रारम्भ गरेको र वि.सं. २०१२ सालमा "नेपाल दण्ड विधान" को मसौदा तयार गरी पेश गरेको थियो।

(२) त्यसपछि, मिति २०१७/६/२७ मा पुनः दुई वर्षका लागि दोस्रो ल कमिशन गठन भएको र मिति २०१७/७/१५ मा नेपाल राजपत्रमा सो सम्बन्धी

सूचना प्रकाशन भएको पाइन्छ । ज्यादै छोटो अवधिमा पनि यस कमिशनले मुलुकी ऐनको आधुनिकीकरणको काम थालनी गरेको र नयाँ मुलुकी ऐनको मस्यौदा तयार गरी सिफारिश गरेको पाइन्छ।

(३) तेस्रो पटक, मिति २०२०/१०/८ को निर्णयबाट मिति २०२०/१२/१० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कानून आयोगको गठन तथा स्थापना भएको र त्यसपछि पनि पटक पटक म्याद थप हुँदै २०२७ सालसम्म उक्त आयोगलाई कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको थप कार्य सम्पादन गर्ने जिम्मेवारी तोकिएको पाइन्छ।

(४) प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनहरुमा विद्यमान रहेको कानूनी अभाव र त्रुटीहरु हटाइ सकेसम्म सरल, वैज्ञानिक र व्यावहारिक रुप दिई छुट्टाछुट्टै ऐनहरुको तर्जुमा गर्ने कार्यदेश (Mandate) सहित चौथो पटक मिति २०२९/२/१९ मा कानून आयोग गठन भएको देखिन्छ।

(५) मिति २०३६/८/२६ मा नेपाल कानून सुधार आयोगको तर्फबाट अपराध संहिता र फौजदारी कार्यविधि संहिताको मस्यौदा माथि पेश भएका सल्लाह र सुझावहरुलाइ अध्ययन गरी सो कुराहरुलाई मस्यौदामा मिलाई अद्यावधिक गर्ने तथा दण्ड सजाय सम्बन्धी नीति, हर्जाना, क्षतिपूर्ति लगायतका विषयमा कार्य गर्न पाँचौ पटक आयोग गठन भई मिति २०४१/८/२० सम्म कार्यरत रहेको देखिन्छ।

(६) तत्कालिन श्री ५ को सरकारको मिति २०४१/८/२१ को निर्णयबाट छैठौं पटक नेपाल कानून सुधार आयोग गठन भई मिति २०५७/१/१९ सम्म कार्यरत रहेको देखिन्छ। यसरी कार्यकारिणीको निर्णयबाट विभिन्न मितिमा विभिन्न नामबाट आयोगको गठन हुँदै आए तापनि छुट्टै कानून र स्पष्ट अधिकार क्षेत्रको अभावमा पनि तत्कालीन आयोगहरुले महत्वपूर्ण कार्यसम्पादन गरी भूमिका निर्वाह गरी आएको पाइन्छ।

(७) विगतको समयमा सरकारको कार्यकारी आदेशबाट आयोगको गठन भई कार्य क्षेत्रगत शर्तहरु (TORs) तोकिने अभ्यास रहेकोमा सम्वत २०६३ सालमा नेपाल कानून आयोग ऐन, २०६३ लागू भए पश्चात ऐनको दफा ४ बमोजिम आयोगको गठन हुने र दफा १० र २१ बमोजिम आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था रहेको हुँदा आयोगको कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा अघिल्ला आयोगहरू भन्दा हालको यस आयोग स्पष्ट र अधिकार सम्पन्न निकायको रुपमा स्थापित भएको पाइन्छ। साथै विगतका कार्यकारी निर्णय वा आदेशबाट गठन हुने अभ्यासको अन्त्य भई नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोग एक स्थायी कानूनी निकाय (Statutory Body) को रुपमा रहने व्यवस्था प्रारम्भ भएको छ। यो ऐन प्रारम्भ भएपछि कानूनको सुधार निरन्तर हुने प्रक्रिया हो र कानूनको सुधार शासन संचालनको एक कार्यसूची (Agenda) को रुपमा रहनुपर्ने कुरा स्वीकार भएको मान्नु पर्ने हुन्छ।

## १.३ आयोगको गठन र संगठनात्मक संरचना

### १.३.१ आयोगको गठन

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यका साथ लागू भएको नेपाल कानून आयोग ऐन, २०६३ मिति २०६३/९/३० मा जारी भइ सोही मितिदेखि प्रारम्भ भएको हो । ऐनको दफा ४ मा उल्लेख भए अनुसार आयोगको गठन देहाय बमोजिम हुने व्यवस्था छः-

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा

पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति– उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना –सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय –सदस्य

(छ) सचिव, नेपाल कानून आयोग – सदस्य-सचिव

आयोगमा बि.स. २०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली अनुसूची -१ मा र उपाध्यक्षको नामावली अनुसूची-२ मा उल्लेख गरिएको छ ।

## १.३.२. हाल कार्यरत आयोगका पदाधिकारीहरु

(क) श्री माधव पौडेल, नेपाल कानून आयोग -अध्यक्ष

(ख) श्री भेषराज शर्मा, नेपाल कानून आयोग -उपाध्यक्ष

(ग) श्री शोभा बुढाथोकी, नेपाल कानून आयोग -सदस्य

(घ) श्री नारायण नेपाल, नेपाल कानून आयोग -सदस्य

(ङ) श्री उद्धवचन्द्र घिमिरे, नेपाल कानून आयोग -सदस्य

(च) श्री राजीव गौतम, सचिव, कानून न्याय तथा

संसदीय मामिला मन्त्रालय (२०७७।०२।२६ सम्म) –सदस्य

(छ) श्री ऋषि राजभण्डारी, सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७७।०३।०३ देखि हालसम्म) –सदस्य

(ज) श्री डिल्लीराज घिमिरे, सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (२०७७।०२।१५ सम्म)–सदस्य

(झ) श्री धनराज ज्ञवाली, सचिव (कानून),प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (२०७७।०३।०३ देखि हालसम्म) –सदस्य

(ञ) श्री खगराज पौडेल, नायव महान्याधिबक्ता, महान्याधिबक्ताको कार्यालय – सदस्य

(ट) श्री चिरञ्जीवी खनाल, सचिव, नेपाल कानून आयोग – सदस्य-सचिव

### १.३.३. आयोगको संगठनात्मक संरचना

आयोगबाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरि दुई महाशाखा रहेका छन्। आयोगमा हालको संगठन संरचना अनुसार नेपाल न्याय सेवा र नेपाल सामान्य प्रशासनका कर्मचारीहरु कुल ३३ जनाको स्वीकृत दरबन्दी देहाय बमोजिम रहेको छः

(क) सचिव (विशिष्ट श्रेणी) न्याय सेवा –१

(ख) सह-सचिव (रा. प. प्रथम श्रेणी )न्याय सेवा, कानून समूह –२

(ग) उप-सचिव (रा. प. द्बितीय श्रेणी) न्याय सेवा, कानून समूह –२

(घ) शाखा अधिकृत (रा. प.तृतीय श्रेणी) न्याय सेवा, कानून समूह –५

(ङ) लेखा अधिकृत (रा. प. तृतीय श्रेणी) प्रशासन सेवा,लेखा समूह –१

(च) कम्प्युटर ईन्जिनियर (रा. प. तृतीय श्रेणी) विविध सेवा –१

(छ) नायव सुब्बा (रा. प. अनं. प्रथम श्रेणी) न्याय सेवा, कानून समूह –५

(ज) नायव सुब्बा (रा. प. अनं. प्रथम श्रेणी) प्रशासन सेवा,
सामान्य प्रशासन समूह –३

(झ) कम्प्युटर अपरेटर (रा. प. अनं. प्रथम श्रेणी) विविध सेवा -१

(ञ) खरिदार (रा. प. अनं. द्वितीय श्रेणी) न्याय सेवा, कानून समूह –४

(ट) हलुका सवारी चालक –३

(ठ) कार्यालय सहयोगी –४

(ड) स्वीपर -१

संगठनात्मक संरचना अनुसूची-३ मा उल्लेख गरिएको छ ।

## १.४ आयोगको काम, कर्तव्य र अधिकार

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा उल्लेख भए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको बर्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

## १.५ बार्षिक प्रतिवेदन

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम आयोगले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सोही प्रयोजनका लागि आर्थिक वर्ष २०७६/०७७ मा यस आयोगबाट सम्पादित काम कारवाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा मूलतः आयोगबाट सम्पादन भएका मुख्य मुख्य काम, आयोगको गठन एवं संगठनात्मक स्वरुप, जनशक्ति, भौतिक संरचना, वित्तीय विवरण, भावी कार्यदिशा, कानून र न्यायको क्षेत्रमा गर्नुपर्ने सुधारका लागि सुझाव र सिफारिशका अतिरिक्त आयोगका विभिन्न गतिविधीहरु समेत समावेश गरिएका छन् ।

## १.६ आयोगलाई उपलब्ध साधन श्रोत

हाल आयोगमा उपलब्ध रहेको मानव तथा भौतिक साधन श्रोतको अवस्था देहाय बमोजिम रहेकोछ :-

### १.६.१ मानव श्रोत

कुनै पनि संगठनको उद्देश्य हासिल गर्ने प्रमुख श्रोतको रुपमा मानव श्रोत रहेको हुन्छ। मानव श्रोतको अभावमा कुनै पनि संगठनले आशातीत सफलता हासिल गर्न सक्दैन। स्वीकृत दरवन्दी अनुसार आयोगमा ३३ जना कर्मचारीहरु रहने ब्यवस्था छ। उल्लिखित पद बाहेक २ पद हलुका सवारी चालक र १ पद कार्यालय सहयोगी करार सेवामा राखिएको छ। आयोगको प्रशासनिक संगठन संरचना अनुसूची-३ मा उल्लेख गरिएको छ

भने हाल कार्यरत रहेका कर्मचारी र दरबन्दी सम्बन्धी विवरण अनुसूची-४ मा समावेश गरिएको छ । साथै, उक्त दरवन्दी अनुरुप प्रतिवेदन अवधिमा आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची -५ मा समावेश गरिएको छ ।

### १.६.२ भौतिक साधन श्रोत

#### (क) आयोगको भवन

नियमित कार्यालय सञ्चालनमा भौतिक पूर्वाधारले समेत महत्वपूर्ण भूमिका खेल्दछ र कार्यवातावरणको सिर्जना गर्दछ तर हालसम्म नेपाल कानून आयोगको आफ्नो स्वामित्वमा भवन र जग्गा नभएकोले बहालको घरबाटनै यसको कार्य संचालन भईरहेको छ। २०७२ सालदेखि हाल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा रहेको प्रि-फ्याव टहराहरु अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग मासिक रु. २,१५,१६०।- घर भाडा सम्झौता गरी कार्यालय सञ्चालन गर्दै आईरहेको छ ।आयोगमा रहेको भौतिक श्रोत साधनहरुको विवरण अनुसूची-६ मा समावेश गरिएको छ ।

#### (ख) पुस्तकालय

पुस्तकालयलाई ज्ञान आर्जनको स्रोतको रुपमा लिने गरिन्छ। सोहि बमोजिम आयोगमा वि.स. २०३६ साल देखि पुस्तकालय सञ्चालन भइआएको छ। ज्ञानको दायरालाई कुनै भाषा वा विषयभित्र मात्र सिमित गर्न नसकिने हुनाले आयोगको पुस्तकालयमा हरेक क्षेत्रलाई समेट्ने प्रयास हरसम्भव गरिएको छ। आयोगलाई आवश्यक पर्ने र कानूनको अध्ययन अनुसन्धान गर्ने व्यक्ति वा संघ संस्थालाई आवश्यक पर्ने अध्ययन सामग्री सहित हाल पुस्तकालयमा आयोगले खरिद गरेका, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित करिब ३००० को संख्यामा पुस्तकहरू रहेका छन्।

#### (ग) सवारी साधन

आयोगको सवारी साधनहरुको विवरण अनुसुची -६ मा समावेश गरिएको छ ।

### १.६.३ आयोगको वित्तीय स्थिति

नेपाल सरकारको वित्तीय श्रोतबाट आयोगले आफ्नो कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। आयोगको सम्पूर्ण कार्यक्रमको सञ्चालनको लागि आर्थिक रुपले नेपाल सरकार माथि नै पूर्ण रुपमा भर पर्नु पर्ने अवस्था छ।

गत आ.व. २०७६/७७ मा आयोगका लागि वजेट उपशीर्षक नं. ३११२१०११३ (चालु खर्च) अन्तर्गत रु. ३,३२,४०,०००।- (तीन करोड वत्तीस लाख चालीस हजार) र वजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रु. ७७,८५,०००।-(सतहत्तर लाख पचासी हजार) वार्षिक वजेट प्राप्त भएको थियो। आयोगको वित्तीय विवरण र यस आ. व. को प्रगती विवरण अनुसूची -७ मा समावेश गरिएको।

## परिच्छेद –दुई

## कानून सुधारमा आयोगको भूमिका

### २.१ विषय प्रवेश

कानून निर्माणको औचित्यता त्यति बेला सार्थक हुन्छ, जति बेला त्यसको सफल तरिकाले कार्यान्वयन हुन्छ। कानूनको निर्माण गर्दा कानूनले समाजको तत्कालीन आवश्यकतालाई सम्वोधन गर्न सक्यो वा सकेन भन्ने कुरालाई मध्यनजर गर्नु पर्ने हुन्छ। कानून समय सापेक्ष हुनु पर्ने हुनाले समयको आवश्यकता अनुसार यसले सुधार र संशोधनको माग गर्दछ। यसको लागि संविधान, अन्तर्राष्ट्रिय दायित्व, विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, वातावरणीय प्रभावको आधार र अन्य मुलुकका सर्वोत्तम अभ्यास (Best Practice) लाई मध्यनजर गरी समानुकूल परिवर्तन हुन जरुरी हुन्छ। एक पटक निर्माण भएको कानूनले सदासर्वदा समाजको आवश्यकतालाई सम्वोधन गर्दछ भन्ने अपेक्षा राखिएको हुन्न। कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेमा कानूनको अवज्ञा बढ्ने जोखिम उत्पन्न हुन्छ र त्यस्तो जोखिमबाट बच्न विद्यमान कानूनको निरन्तर सुधार एवं परिमार्जन गरी कानून बनाउनु पर्ने हुन्छ। तसर्थ, नयाँ कानून निर्माण वा विद्यमान कानूनमा सुधारका लागि अध्ययन तथा अनुसन्धानको महत्वपूर्ण भूमिका रहेको हुन्छ। उपर्युक्त आवश्यकता पूरा गर्न विभिन्न मुलुकहरुमा कानून सम्बन्धी अध्ययन र अनुसन्धान गरी नयाँ कानून निर्माण गर्न वा विद्यमान कानूनमा सुधार गर्नको लागि कानून आयोग वा कानून सुधार आयोगको गठन गर्ने गरेको पाइन्छ।

नेपालको सन्दर्भमा नेपाल कानून आयोग ऐन, २०६३ को प्रस्तावना र दफा ३ मा कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनमा संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्वन्धी बिषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य समेत सम्पादन गर्नका लागि नेपाल कानून आयोगको स्थापना गरिएको कुरा स्पष्ट उल्लेख भएको छ।

कानूनको सुधारमा आयोगको भूमिकालाई संक्षिप्त रुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

### (क) कानून तर्जुमा

नेपाल कानून आयोगले आवश्यक र उपयुक्त देखेको कुनै विषयमा वा नेपाल सरकारको कुनै मन्त्रालयको अनुरोधमा कुनै विषयमा नयाँ ऐनको मस्यौदा (विधेयक) को तर्जुमा गर्ने कार्य गर्दछ। त्यसरी विधेयक तयार गर्ने क्रममा आयोगले कुनै विषयमा कानून निर्माण गर्दा संविधान, अन्तर्राष्ट्रिय दायित्व, मापदण्ड र सर्वोत्तम अभ्यास, सरोकारवालासँग छलफल एवं अन्तरक्रिया गरी नेपालको समसामयिक परिस्थिति र सन्दर्भ अनुकूल हुने गरी नयाँ कानूनको तर्जुमा गर्ने गर्दछ। आयोगले ऐनको नयाँ मस्यौदा वा संशोधनको मस्यौदा तयार गर्दा सरकारका प्रतिनिधि र सरोकारवालासँग परामर्श र पृष्ठपोषण समेत लिई मस्यौदा तयार गर्ने गर्दछ। यसरी तयार गरेको मस्यौदालाई आवश्यक कारबाहीको लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्दछ।

### (ख) कानूनको पुनरावलोकन

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम नेपाल कानून आयोगलाई कानूनको पुनरावलोकन गरी कानून संशोधन वा एकीकरण गर्ने जिम्मेवारी सुम्पिएको छ। आयोगले प्रचलित कानूनको सुधार र परिमार्जन गरी प्रचलित कानूनमा संशोधन गर्नुपर्ने देखिएमा संशोधित कानूनको मस्यौदा तर्जुमा गरी सिफारिश सहित नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्दछ। त्यसैगरी, आयोगले निष्कृय रहेका र हाल व्यावहारिक रुपमा प्रचलनमा नरहेका कानूनहरुको पहिचान गरी खारेज गर्नका लागि आयोगले नेपाल सरकार समक्ष आफ्नो वार्षिक प्रतिवेदन मार्फत सिफारिश गर्दै आइरहेको छ।

### (ग) कानून निर्माणमा एकरुपता

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम संघीय संसदमा पेश हुने विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा सहमती गर्ने कार्यको जिम्मेवारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई तोकिएको भए तापनि

नेपाल सरकारका विभिन्न मन्त्रालय वा अन्य निकायबाट पनि कानूनको तर्जुमा हुने गरेको पाइन्छ। यसबाट ऐनको विधेयक तर्जुमामा एकरुपता नभई शैली र ढाँचा समेत फरक/फरक हुन सक्ने भई कानून व्याख्या र कार्यान्वयनमा असहजता र फरकपन उत्पन्न हुन सक्दछ। कानून निर्माणको प्रक्रियामा कानून तर्जुमाको विज्ञको भूमिका र कानून तर्जूमा कार्यमा एकरुपता सुनिश्चितता कायम गर्न आयोगले प्रयत्न गरिआएको छ। यस प्रयोजनका लागि आयोगले कानून तर्जुमाको दिग्दर्शन तयार गरी प्रकाशन समेत गरेको छ।

**(घ) कानून संशोधनमा सरकारलाई सुझाव**

कानून तथा न्यायको क्षेत्रमा कुनै पनि विषयमा अध्ययन, अनुसन्धान र पुनरावलोकन गरी आयोगले आवश्यक सुझाव नेपाल सरकार समक्ष पेश गर्ने गर्दछ।

**(ङ) वेबमा कानूनको अभिलेख राख्ने कार्य**

नेपाल कानून आयोगले प्रचलित नेपाल कानूनहरु, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु, खारेज भैसकेका नेपाल कानूनहरु र कानून सम्बन्धी महत्वपूर्ण ऐतिहासिक सामाग्रीहरुको अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी आफ्नो वेबसाइट (www.lawcommission.gov.np) मा उपलब्ध गराउदै आएको छ। त्यसका अतिरिक्त आयोगले कतिपय नेपाल कानूनको अंग्रेजी भाषामा अनुवाद गरी आफ्नो वेबसाइट मार्फत उपलब्ध गराउदै आएको छ भने "कानून आयोग" नामक आयोगको छुट्टै मोवाइल एप्स (Apps.) मार्फत समेत विद्यमान कानूनहरु सहजै उपलब्ध गराउदै आईरहेको छ।

**(च) सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया**

आयोगले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार सम्बन्धी विषयमा परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने कार्य गर्दछ।

### (छ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन

आयोगले सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन गर्ने र सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने गर्दछ।

## २.२ आयोगले विधेयक मस्यौदा गर्दा विकास गरेको अभ्यास

नेपाल कानून आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने कार्य गर्दै आएको छ।

कुनै ऐनको वा विधेयक मस्यौदा तयार गर्नु पूर्व आयोगले आवश्यक र उपयुक्त देखेको विषयहरुमा अवधारणा पत्र (Concept Paper) तयार गर्दछ । अवधारणा पत्रको आधारमा मस्यौदा कार्यदल गठन हुने गर्दछ । मस्यौदा कार्यदलमा आयोगका पदाधिकारी, नेपाल सरकारका उच्च अधिकृत, कर्मचारी एवं सम्बन्धित विषय विज्ञहरु रहने अभ्यास छ। आयोगले विधेयक मस्यौदा तयार गर्दा नेपालको संबिधान, नेपालले बहन गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व, बिभिन्न कानून प्रणाली अपनाउने देशले आत्मसात् गरेका सर्वोत्तम अभ्यासहरुको अध्ययन, सरोकारवाला र विज्ञहरुको राय सल्लाह तथा सुझावको आधारमा प्रारम्भिक मस्यौदा तयार गर्दछ। यसरी तयार पारिएको प्रारम्भिक मस्यौदाउपर सरकारका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, नागरिक समाज र विज्ञहरुसँगको सहभागितामा आवश्यक्ता अनुसार अन्तर्क्रिया कार्यक्रम गरी राय सुझाव संकलन गरिन्छ। उपयुक्त राय सुझावलाई कार्यदलले विधेयकको मस्यौदामा आवश्यकता अनुसार समावेश गरी कार्यदलले परिमार्जित मस्यौदा तयार गर्दछ। व्यवस्थापनले उक्त मस्यौदालाई आयोगको बैठकमा पेश गर्ने र आयोगको बैठकले मस्यौदालाई आवश्यक कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय वा निकायमा पठाउने अभ्यासको थालनी गरेको छ।

आयोगले थालनी गरेको यस प्रकारको अभ्यासबाट विधेयकको मस्यौदामा बिभिन्न सरोकारवाला समूह वा व्यक्तिहरुको राय सल्लाह र पृष्ठपोषण प्राप्त हुने, विधेयकको मसौदा तयार गर्ने काम पारदर्शी हुने र नागरिक समाजको भूमिका रहने भएकोले त्यसरी निर्माण हुने कानूनप्रति नागरिकले आफ्नो अपनत्व महसुस गर्ने भइ कानून कार्यान्वयनमा सहजता हुने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद –तीन

# आर्थिक वर्ष २०७६/०७७ को वार्षिक कार्यक्रम र कार्यप्रगति

## ३.१ बिषय प्रवेश

कानून प्रदत्त अधिकार अन्तर्गत आयोगले सम्पादन गर्ने विविध कार्यहरु मध्ये विधेयकको मस्यौदा तर्जुमा गर्ने पनि एक हो। आयोगले विधेयकको मस्यौदाको तर्जुमा गर्दा आवश्यक्ता अनुसार सम्बन्धित सरोकारवाला व्यक्ति, निकाय वा विज्ञहरुको सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गर्दछ। त्यस्तै, आयोगले कार्यान्वयनमा रहेका कानूनको बारेमा सर्वसाधारणमा जानकारी गराउने उद्देश्यले कानूनी सचेतनामूलक कार्यक्रम (Legal Dissemination Program) समेत सञ्चालन गर्दै आइरहेको छ।

मुलुकको कानून प्रणालीलाई सुदृढ एवं परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान तथा प्रचलित कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने, कानूनको संशोधन तथा एकीकरण लगायतका बिषयमा अध्ययन प्रतिवेदन तयार गर्ने, सर्वोच्च अदालतका फैसला, अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौताको दायित्वको कार्यान्वयन सम्बन्धी विषयमा अध्ययन गर्ने, विधिशास्त्रीय नवीनतम अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्य सम्पादन गर्दै आएको छ। न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले नेपालको मौजुदा कानूनहरु, नीतिहरु, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु, खारेज भएका कानूनहरु र केही नेपाल कानूनहरुको अंग्रेजी भाषामा अनुवाद तथा केही अन्तरराष्ट्रिय सन्धिहरुको नेपाली अनुवाद गरी आफ्नो वेबसाईट तथा मोवाइल एप्स (Apps.) मा राखी वेबसाईट तथा मोवाइल एप्स (Apps.) को व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ।

आयोगले सम्पादन गर्ने कार्यहरु स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित वजेट बमोजिम सञ्चालन हुँदै आएका छन् । आयोगको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसूची -८ मा समावेश गरिएको छ।

## ३.२ आयोगले सञ्चालन गरेका कार्यक्रमहरु

### ३.२.१ विधेयक मसौदा तर्जुमा

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने लगायतका कार्य सम्पादन गर्दै आएको छ ।

आर्थिक वर्ष २०७६/०७७ को वार्षिक कार्यक्रममा आयोगलाई चार वटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भए तापनि देहाय बमोजिमका छ वटा विधेयकहरुको मसौदा तर्जुमा गरी तीन वटा आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको र तीनवटा मस्यौदाको विभिन्न चरणमा रहेको छः-

**(क) राष्ट्रिय सुरक्षा सम्बन्धी विधेयक**

नेपाल सरकारलबाट स्वीकृत भएको राष्ट्रिय सुरक्षा नीति, २०७५ अनुकूल नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता र राष्ट्रिय एकता सुदृढ गरी राष्ट्रिय हित र सुरक्षाको संरक्षण गर्ने सम्बन्धमा वनेको विधेयकको मस्यौदा तर्जुमा गरी आयोगको मिति २०७६।०५।२४ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि रक्षा मन्त्रालयमा पठाइएको छ ।

**(ख) विभूषण सम्वन्धी विधेयक**

राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा वास्तविक रुपमा सही ढंगले राज्य र नागरिकप्रति सेवाभाव राखि विशिष्ट योगदान पुर्याई मुलुकको श्रीबृद्धि गर्ने व्यक्ति वा संघ संस्थालाई राज्यका तर्फबाट प्रदान गरिने विभूषण, उपाधि वा सम्मानलाई मर्यादित र परिस्कृत गर्न र यसरी प्रदान गरिने विभूषण, उपाधि र सम्मानलाई पारदर्शी र वस्तुपरक बनाउने उद्देश्यले तर्जुमा गरिएको विधेयकको मसौदा आयोगको

मिति २०७६।११।२९ को वैठकबाट पारित भई आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा पठाइएको छ ।

**(ग) नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक**

नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयकको मसौदा आयोगको मिति २०७७।०१।३१ को वैठकबाट पारित भई आवश्यक कारवाहीको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ ।

आ.व. २०७६/०७७ मा आयोगबाट तर्जुमा भै सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकहरुको पूर्ण पाठ अनुसूची – ९ मा समावेश गरिएको छ ।

### ३.२.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु

नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट अनुरोध भई आएका तथा आयोगले आवश्यक ठानेका अन्य कतिपय विषयका विधेयकको मसौदा तर्जुमा सम्बन्धी अवधारणापत्र तयार गर्ने, सरोकारवालासँग परामर्श गर्ने र विधेयकको मसौदा तर्जूमा गर्ने कार्यलाई आयोगले निरन्तरता दिएको छ। आ.व. २०७६/०७७ मा तर्जुमा प्रारम्भ गरिएका तर तर्जुमाको कार्य सम्पन्न हुन बाँकी रहेका बिधेयकका मसौदा देहाय बमोजिम रहेका छन् :-

(क) गैर आवासीय नेपाली सम्वन्धी कानून लाई संशोधन र एकीकरण गर्न बनेको बिधेयक

(ख) केपटाउन कन्भेनसन (२००१) र केपटाउन प्रोटोकल (२००१) को व्यवस्थालाई आन्तरिकीकरण गर्ने सम्बन्धी विधेयक

(ग) औषधी सम्बन्धी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक

### ३.२.३. अन्तरक्रिया तथा गोष्ठी

आयोगले आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका विषयमा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गरेको छः

(क) विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७६।११।२१ गते छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

(ख) नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७६।११।३० गते छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

### ३.२.४ कानूनको जानकारी गराउने तथा सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program)

कानूनका उपयोगकर्ता तथा अन्य सरोकारवालाहरुलाई नयाँ कानूनका बारेमा समयमै जानकारी प्राप्त हुन नसक्दा र नयाँ कानूनका बारेमा अभ्यस्त नहुँदा कानूनको प्रयोग र पालनामा एकरुपता कायम गर्न कठिनाई पर्न सक्ने तथा असहज हुने भएकोले आयोगले विभिन्न जिल्लामा कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यस आ.व.मा तीन वटा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ का सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुलाई जानकारी गराउने उद्देश्य अनुरुप मोरङ्ग जिल्लाको उर्लावारी नगरपालिकामा एक र देवानी कार्यविधि संहिता र फौजदारी कार्यविधि संहितामा रहेका मुख्य मुख्य विषयहरुको सम्बन्धमा जानकारी गराउन धादिङ्ग जिल्लामा एक गरी दुईवटा सचेतना कार्यक्रम सम्पन्न भएको छ।

### ३.२.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन

इन्टर्नसिप कार्यक्रम अन्तर्गत कानून विषय अध्ययनरत विद्यार्थीहरुलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त कानूनको तर्जुमा लगायतका विषयमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले विभिन्न कलेजमा स्नातकतहमा कानून विषय अध्ययन गर्ने पाँच जना विद्यार्थीलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा समेत संलग्न गराइएको छ। मिति २०७६ भाद्र देखि २०७६ पुषसम्मको पहिलो सत्रमा नेपाल ल क्याम्पसबाट एक जना, काठमाडौं स्कूल अफ लबाट एक जना, नेशनल ल कलेजबाट एक जना, चक्रवर्ति हवि एजुकेशन एकेडेमीबाट एकजना र काठमाण्डौ विश्वविद्यालयबाट एकजनाले इन्टर्नसिप सम्पन्न गरेका छन् ।

इन्टर्नसिप सम्पन्न गर्ने बिद्यार्थीहरुको नामावली अनुसूची-१० मा समावेश गरिएको छ।

### ३.२.६ आयोगको वेबसाइट तथा मोवाइल एप्स (Apps.) सम्बन्धी

नेपाल कानून आयोगले वि.सं. २०६५ सालदेखि नै आफनो वेबसाइट तयार गरी वेबसाइटमा विद्युतीय ढाँचामा विभिन्न प्रचलित नेपाल कानूनहरु अपलोड गर्ने र समय समयमा ती कानूनहरु वेबसाइटमा अद्यावधिक गर्ने कार्य गर्दै सर्वसाधारण तथा सेवाग्राहीहरुलाई सरल एवं सहज ढँगले नेपाल कानून सम्बन्धी जानकारी प्रदान गरी विद्युतीय माध्यमबाट त्यसको पहुँच सुनिश्चित गर्दै आएको छ।

आयोगको वेबसाइटमा नेपालको संविधान, प्रचलित ऐन, नियम तथा गठन आदेशहरु अद्यावधिक गर्ने र केही ऐन लगायतका अन्य सामाग्री अंग्रेजी भाषामा अनुवाद गरी उपलब्ध गराउँदै आएको छ। साथै, खारेज भएका ऐन, नियम, गठन आदेश लगायतका नेपाल कानून तथा कानून सम्बन्धी ऐतिहासिक दस्तावेजहरु समेत समावेश गर्ने गरेको छ।

आ.व.२०७६।०७७ मा आयोगको वेवसाईटलाई समयानुकूल बनाउन नयाँ रुपमा परिमार्जन गरी उपयोगकर्ता मैत्री बनाईएको छ। स्वीकृत वार्षिक कार्यक्रम अनुसार मोवाइल (एन्ड्रोइड तथा एप्पल) दुवैमा उपयोग गर्न

सकिने गरी मोवाइल एप्स (Mobile Apps) निर्माण गरी विद्यमान कानूनहरु मोवाइलबाटै हेर्न र पढ्न सकिने व्यवस्था मिलाइएको छ।

आ.व. २०७६।०७७ मा ३८ वटा ऐन, ५६ वटा नियम, ७५ वटा सन्धि, ७ वटा गठन आदेश, ३ वटा अध्यादेश, ५४ वटा नीति, २ वटा निर्देशिका, ४ वटा कार्यविधि अद्यावधीक गरी अपलोड र १९ वटा ऐनको अंग्रेजी अनुवाद गरि नयाँ तथा संशोधित ऐन तथा नियमहरु अद्यावधिक एवं अपलोड गरिएका छन्।

आयोगको वेबसाइटमा रहेका कानूनहरुको विवरण अनुसची-११ मा समावेश गरिएको छ।

### ३.२.७ राय-सुझाव संकलन

मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिताको कार्यान्वयनको अवस्था र जग्गा प्राप्ति सम्वन्धी बिधेयकका सम्वन्धमा कास्की, तनहुँ, वाग्लुङ्ग, मुस्ताङ्ग, धादिङ्ग, चितवन, नवलपरासी, म्याग्दी, झापा, मोरङ्ग गरी अठार जिल्लाहरुमा राय सुझाव संकलन गरिएको छ।

### ३.२.८ अन्तर्राष्ट्रियस्तरको भेटघाट कार्यक्रम

(क) Nov, 28, 2019 तदनुसार मंसिर १२, २०७६ को दिन The Asia Legal Information Network (ALIN) को Charter मा हस्ताक्षर सम्पन्न भई नेपाल कानून आयोगले विधिवत रुपमा ALIN को सदस्यता प्राप्त गरेको छ।

(ख) Korean Legislation Research Institute (KLRI) को निमन्त्रणामा आयोगका अध्यक्ष श्री माधव पौडेल, उपाध्यक्ष श्री भेषराज शर्मा र सचिव श्री चिरन्जीवी खनाल सहित Nov 25-29, 2019 तदनुसार मंसिर ९-१३, २०७६ मा South Korea को Seoul National University, Constitutional Research Institute र National Assembly मा, Sangdo स्थीत UNCITRAL RCAP मा र Sejong स्थीत KLRI मा भ्रमण गरि पदाधिकारीहरुसंग छलफल एवं आपसी

अनुभव आदानप्रदान गर्ने कार्य सम्पन्न भएको छ। यसैक्रममा सोहि भ्रमणमा KLRI द्वारा आयोजित Global Law & Policy Regional Roundtable कार्यक्रममा भाग लिई नेपालको तर्फबाट नेपाल कानून आयोगका अध्यक्षबाट Law Making Proces in Nepal र Legal System of Nepal विषयक २ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। उक्त अवसरमा नेपाल तथा अन्य मुलुकको कानूनी अनुसन्धान एवं सुधारका विविध पक्षमा समेत छलफल सम्पन्न भएको थियो।

(ग) मिति २०७६।११।१४ का दिन Medicines, Technologies and Pharmaceutical Service (MTaPS) Programm का Country Directer Dr. Birna Trap ले नेपाल कानून आयोगमा भ्रमण गर्नु भएको थियो। उक्त अवसरमा औषधी ऐन २०३५ मा संशोधनको आवश्यक्ता र औचित्य एवं सो सम्बन्धमा विश्वस्तरमा विकसित नवीनतम मान्यताहरुका विषयमा आयोगका पदाधिकारी एवं अधिकृत कर्मचारीहरुको सहभागितामा छलफल कार्यक्रम सम्पन्न भएको छ।

## परिच्छेद-चार

## कानून र न्याय क्षेत्रमा नेपाल सरकारले गर्नुपर्ने सुधारका लागि सुझाव तथा सिफारिस

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम कानून तथा न्यायका क्षेत्रमा र खासगरी कानून सुधारको क्षेत्रमा हुनुपर्ने कानूनी, नीतिगत तथा संस्थागत सुधारकालागि आयोगले देहाय बमोजिम सुझाव तथा सिफारिस नेपाल सरकार समक्ष पेश गरेको छः-

### ४.१ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को पूर्ण कार्यान्वयन

कुनै पनि देशको कानून प्रणालीलाई बिश्वव्यापीकरणको प्रभाव, मुलुकले आत्मसात गरेको राजनैतिक तथा आर्थिक पद्धति, नागरिकको चेतनाको स्तर र आवश्यक्ताले कानून निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। कानूनको निर्माण तथा सुधार जस्ता बिषयहरु समयसापेक्ष र आवश्यकताको बोधले दिशानिर्देश गर्दछ र यो प्रक्रिया निरन्तर जारी रहन्छ। सम्बत् २०७५ साल भाद्र १ गतेदेखि प्रारम्भ भएका मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र विभिन्न ऐनहरुले नेपालको कानून तथा न्याय प्रणालीलाई गुणात्मक विकास गरेका छन्। व्यापक प्रयोजनका लागि व्यवस्था भएको एकीकृत देवानी संहिता (National Civil Code) र सजाय निर्धारण र कार्यान्वयन ऐन (Sentencing Act) लागू गर्ने नेपाल दक्षिण एसियामा नै पहिलो मुलुक भएको छ। त्यसो भए तापनि कानूनको सुधार निरन्तर रुपमा चल्ने प्रक्रिया हो। नेपालको कानून प्रणालीलाई आधुनिकीकरण गरी अझ बढी प्रभावकारी, सक्षम, मानव अधिकार मैत्री बनाउन र यसलाई स्थायित्व दिइ गतिशिल बनाउन संहिताहरुको कार्यान्वयन संगै निरन्तर सुधार हुन वाञ्छनीय हुन्छ।

यस क्रममा दुई वर्षदेखि संहिताहरु कार्यान्वयनमा आइसकेका भए तापनि फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ का कतिपय दफाहरु अफै पनि प्रभावकारी भइसकेका छैनन्। यसले गर्दा कसूरदारलाई कडा सजाय मात्र होइन सुधार पनि गर्न जरुरी छ भन्ने समग्र संहिताहरुको मूल उद्देश्य अझै पनि हासिल भइनसकेको र कुनै खास अवस्थाका कसूरदारलाई नरम र मानवोचित व्यवहार गरेर पनि सजायको प्रयोजन पूरा हुन्छ भन्ने न्यायको अभिष्ट पूरा हुन सकेको छैन। तसर्थ, फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ का नेपाल राजपत्रमा सूचना प्रकाशन गरी लागू गर्नु पर्ने दफाहरु पूर्णरुपमा लागू गर्न सिफारिस गरिएको छ।

## ४.२ संविधानको धारा १८ को उपधारा (५) को व्यावहारिक कार्यान्वयन

नेपालको संविधानको धारा १८ को उपधारा (५) बमोजिम पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सवै सन्तानको समान हक हुने व्यवस्था रहेको छ। यस व्यवस्थालाई कार्यान्वयन गर्न वा गराउन मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ बमोजिम सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि सो संहिताको भाग ३ को परिच्छेद १० का विभिन्न दफाको अधीनमा रही पति, पत्नी, वावु, आमा, छोरा, छोरी अंशियार मानिने र दफा २०६ बमोजिम प्रत्येक अंशियार अंशको समान हकदार हुने व्यवस्था रहेको छ। कानूनको दृष्टिमा सवै समान रहने र सवै नागरिकलाई कानूनको समान संरक्षणबाट बंचित नगरिने मानव अधिकारका आधारभूत सिद्धान्त, संविधानबाद तथा संवैधानिक विधिशास्त्रको एक आधारभूत मान्यता हो र यो व्यवस्था नेपालको संविधानको धारा १८ को उपधारा (१) मा उल्लेख भएको छ। यो व्यवस्थाले नै राष्ट्रिय जीवनका जुनसुकै क्षेत्र (पारिवारिक सम्बन्ध समेत) का नागरिकवीच समान संरक्षण रहने र पैतृक सम्पत्तिमा छोरा, छोरी दुवैको समान हक हुने स्पष्ट छ। विगतका संविधानमा यस्तै प्रकृतिको संवैधानिक व्यवस्था भए तापनि महिला (छोरी) ले पैतृक सम्पत्तिमा पुरुष (छोरा) सरह अधिकार प्रचलन गराउन नसकेको यथार्थ र व्यवहारिक कठीनाईलाई आत्मसात गरी संविधानमा स्पष्ट रुपमा धारा १८ को उपधारा (५) रहेको र अन्य मुलुकका संविधानमा बिरलै पाइने यस्तो व्यवस्था नेपालको एक

विशिष्ट व्यवस्थाको रुपमा रहेको मान्नु पर्ने हुन्छ। संविधान प्रारम्भ भएको करिव पाँच वर्ष व्यतित हुन लागे पनि संविधानको यो व्यवस्था व्यावहारिक रुपमा कार्यान्वयन भई पैतृक सम्पत्तिको छोरा छोरीवीच समान रुपमा अंशवंण्डा गर्दा संविधानको यो व्यवस्था अंशबण्डाको लिखतमा प्रतिविम्वित भए वा नभएको र त्यसलाई अनुगमन गर्ने संयन्त्र भए वा नभएको सम्बन्धमा समीक्षा गर्नुपर्ने हुन्छ। व्यवहारमा कार्यान्वयन भएनन् भने संविधानमा जतिसुकै सुन्दर प्रावधान रहे तापनि त्यसको अर्थ रहन्न र नागरिकले त्यसको अनुभूति पनि गर्न सक्दैनन्। संविधानको यो व्यवस्था कार्यान्वयन गर्न थप कानूनी व्यवस्था पनि आवश्यक नहुने हुन्छ। तसर्थ, संविधानको प्रस्तुत व्यवस्था कार्यान्वयन गर्न अंशबण्डाको लिखत पारित गर्दा अंशियारले सवै पुरुष तथा महिला अंशियारको विवरण खुलाशा गर्नुपर्ने र पैतृक सम्पत्तिको कानून बमोजिम अंशबण्डा गर्दा अंशियारले त्यस्तो सम्पत्तिमा हक लाग्ने सवै अंशियारहरु (छोरा, छोरी समेत) खुलासा गरी त्यस्ता अंशियार वा निजको कानून बमोजिमको प्रतिनिधिको रोहवरमा अंशबण्डाको लिखत पारित गर्ने अभ्यास प्रारम्भ गर्न भूमिव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय मार्फत सवै मालपोत कार्यालयलाई परिपत्र गर्न सुझाव दिइएको छ।

## ४.३ विवाहको मान्यताका लागि विवाहको दर्ता

जन्म, मृत्यु, विवाह लगायतका वैयक्तिक घटना दर्ता गरी राज्यको जानकारीमा ल्याउने विषय आधुनिक विधिशास्त्रको एक महत्वपूर्ण पक्ष हो। महत्वपूर्ण व्यक्तिगत घटनाको दर्ता मानव अधिकार तथा नागरिक अधिकारको विषय पनि हो । संयुक्त राष्ट्र संघको तत्वावधानमा भएका अन्तर्राष्ट्रिय महासन्धिले पनि व्यक्तिगत घटनाको दर्ता हुन आवश्यक ठानेको छ। नेपाल समेत पक्ष रहेको महिला विरुद्धका सवै प्रकारका भेदभावको उन्मुलन गर्ने सम्बन्धी महासन्धि ( Convention on the Elimination of All forms of Discrimination against Women (CEDAW), 1979) को धारा १६(२) बमोजिम विवाह दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।

जहाँसम्म विवाह दर्ताको सम्बन्धमा अन्य मुलुकको अभ्यासको प्रश्न छ, युरोप, अमेरिका, ल्याटिन अमेरिका लगायतका मुलुकमा विवाहले औपचारिक रुपमा मान्यता पाउन विवाह दर्ता गराउनु पर्ने कानूनी व्यवस्था रहेको पाइन्छ। छिमेकी मुलुक भारतका अधिकांश राज्यमा अनिवार्य रुपमा विवाह दर्ता गराउनु पर्ने व्यवस्था रहेको छ भने त्यस्तै व्यवस्था पाकिस्तान र बंगलादेशमा रहेको पाइन्छ। भारत, पाकिस्तान तथा बंगलादेशमा विवाह दर्ता नगराउने कार्य दण्डनीय हुने समेत व्यवस्था रहेको पाइन्छ।

मुलुकी देवानी संहिता, २०७४ को दफा ७६ बमोजिम पति तथा पत्नीले विवाह अधिकारीसमक्ष निवेदन दिई विवाह दर्ता गराउनु पर्ने व्यवस्था रहेको छ। त्यसरी नै नेपाल बाहिर बसोबास गरेका पत्नी तथा पतिले आफू रहे बसेको मुलुकमा रहेको नेपाली राजदूतावास वा महावाणिज्यदूतावासमा विवाह दर्ता गराउन सक्ने व्यवस्था रहेको छ। त्यसरी नै जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता) ऐन, २०३३ को दफा ४ र ५ बमोजिम व्यक्तिगत घटनाको रुपमा स्थानीय अधिकारी समक्ष निवेदन दिई विवाह दर्ता गराउन सक्ने व्यवस्था रहेको देखिन्छ।

नेपालको संविधानको अनसूची -७ को प्रकरण ५ बमोजिम पारिवारिक मामिला (विवाह) सम्बन्धी कानून संघ र प्रदेश दुवैले बनाउन सक्ने भए तापनि हालसम्म अनुसूची -५ को प्रकरण ३० बमोजिम बनेको कानून बमोजिम यो विषय नियमन हुदै आएको मान्नु पर्ने हुन्छ। विवाह दर्ताका सम्बन्धमा व्यवस्था भएको उल्लिखित कानूनी व्यवस्था बमोजिम विवाहको मान्यताका लागि अनिवार्य रुपमा दर्ता गराउनु नै पर्ने र दर्ता नभएको विवाहले कानूनी मान्यता पाउन नसक्ने वाध्यात्मक व्यवस्था रहेको छैन। विवाह दर्ता अनिवार्य नहुदा विवाहको दर्ता विवाहको कानूनी मान्यता बाहेकका अन्य प्रयोजनका लागि रहेको मान्नु पर्ने हुन्छ। यस अर्थमा हाम्रो कानून प्रणालीमा विरोधाभास रहेको मान्नु पर्ने हुन्छ। जवसम्म विवाह दर्तालाई विवाहको एक अनिवार्य शर्त मानिन्न त्यसवेलासम्म दर्ता नगराएको विवाह मान्यता पाइरहने हुन्छ।

नेपाली समाजमा शताब्दीऔं देखि विभिन्न जात, जाति, समुदायका व्यक्तिहरुले आ-आफ्नै मान्यता, परम्परा, प्रथा वा अभ्यासको आधारमा विवाह गर्ने र विवाहले कानूनी मान्यता पाउन अनिवार्य रुपमा दर्ता गराउनु नै पर्ने अभ्यास रहेको छैन। यसले गर्दा समय-समयमा बालविवाह, बहुविवाह वा झुक्यानमा पारी हुने विवाह हुने गरेका छन् र यी सबै किसिमका विवाहबाट अपवादमा बाहेक बालिका, किशोरी वा महिला नै पीडित हुने गरेका छन्। विवाहको प्रक्रिया अत्यन्त सरल, सजिलो र अनिवार्य रुपमा सरकारी लिखतमा अभिलेख नहुने हाम्रो अभ्यासले पुरुष प्रधान समाजको बर्चस्व र पितृसत्ताको विराशतलाई उजागर गर्दै आएको छ। यसले गर्दा झुक्यानमा पारी विवाह गरेका वा बहुविवाह गरेको कारणले पीडित महिलाले पुरुषले विवाह इन्कार गरेमा नाता कायम जस्ता मुद्दाको कानूनी उपचार खोज्नु पर्ने हुन्छ। संक्षेपमा भन्नुपर्दा विवाहले कानूनी मान्यता प्राप्त गर्न बाध्यात्मक रुपमा विवाह दर्ता गर्नु नपर्ने मौजुदा कानूनी व्यवस्था महिला अधिकार र मानव अधिकारको दृष्टिकोणबाट समेत उपयुक्त नभएकोले यसको पुनरावलोकन हुन आवश्यक छ। तसर्थ, विवाहले जुनसुकै प्रयोजनको लागि कानूनी मान्यता पाउन विवाहको एक कार्यविधिको रुपमा नै स्वीकार गरी आ-आफ्नो परम्परागत अभ्यासबाट वा अन्य कुनै प्रक्रियाबाट विवाह हुनु अघि वा विवाह भएपछि वा विवाह भएको दिनमा नै विवाहलाई नागरिक पञ्जिकाधिकारी (सिभिल रजिष्टार) (विवाह दर्ता अधिकारी) समक्ष निवेदन गरी अनिवार्य रुपमा विवाह दर्ता गराउनु पर्ने कानूनी व्यवस्था गर्न नेपाल सरकार समक्ष देहायका कुरामा देहाय बमोजिम सिफारिस गरिएको छ :-

(क) सम्वत २०८५ साल वैशाख १ गतेदेखि लागू हुने गरी विवाह दर्तालाई विवाह प्रक्रियाको एक अभिन्न अङ्गको रुपमा स्वीकार गरी अनिवार्य रुपमा दर्ता गरी विवाहको अभिलेख राख्ने,

(ख) विवाह दर्ता गर्ने प्रयोजनका लागि प्रत्येक गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडामा एक-एक जना नागरिक पञ्जिकाधिकारी (विवाह दर्ता अधिकारी) को व्यवस्था गरी विवाह हुनु अघि वा पछि पञ्जिकाधिकारीसँग समन्वय गरी विवाह दर्ता गराउने

वा पञ्जिकाधिकारी विवाह महोत्सव (वैवाहिक अनुष्ठान) मा नै उपस्थित भई विवाह दर्ता गर्न सक्ने,

(ग) खण्ड (ख) बमोजिम दर्ता भएको विवाहको विवरण एक्काइस दिनभित्र राष्ट्रिय परिचयत्र तथा पञ्जिकरण विभागमा पठाई केन्द्रिय अभिलेख राख्ने व्यवस्था गर्ने,

(घ) सम्वत २०८५ साल वैशाख १ गते उप्रान्त अनिवार्य रुपमा विवाह दर्ता गराउनुपर्ने कानूनी व्यवस्था गर्ने,

(ङ) सम्वत २०८५ साल वैशाख १ गतेपछि नागरिक पञ्जिकाधिकारि समक्ष अनिवार्य रुपमा विवाह दर्ता गराउनुपर्ने विषयमा सर्वसाधारणलाई जानकारी गराउन सरकारी तथा गैरसरकारी स्तबाट सचेतना गराउने,

(च) सम्वत २०८५ साल वैशाख १ गते उप्रान्त विवाह दर्ता गरेपछि कानून बमोजिमको अवधिभित्र विवाह दर्ता नगराउने दम्पतिलाई नागरिक पञ्जिकाधिकारिले कानून बमोजिम जरिवाना गराउने,

(छ) उपर्युक्त व्यवस्थाको आधारमा मुलुकी देवानी संहिता, २०७४ मा आवश्यक कानूनी व्यवस्था गर्ने।

## ४.४ घृणायुक्त अभिव्यक्ति (Hate Speech) निवारण सम्बन्धी कानून निर्माण

नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) बमोजिम प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने व्यवस्था रहेको छ। त्यसरी नै धारा १९ बमोजिम प्रत्येक नागरिकलाई सञ्चारको हक हुने र विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका माध्यमबाट पाठ्य, श्रब्यदृष्य सामग्री प्रकाशन र प्रसारण गर्न पूर्ण प्रतिवन्ध नलगाउने र कुनै कुरा प्रकाशन वा प्रसारण गरेवापत सञ्चार माध्यम बन्द, जफत वा खारेज गर्न नसकिने व्यवस्था रहेको छ। विचार र अभिव्यक्ति वा सञ्चारका सम्बन्धमा संविधानमा भएका यी मौलिक हक नेपाली नागरिकका अत्यन्त महत्वपूर्ण हक मान्नु पर्ने हुन्छ।

विचार र अभिव्यक्ति तथा सूचनाको निर्वाध संम्प्रेषण विना न नागरिकको स्वतन्त्रता पूर्ण हुन्छ न त प्रेसको स्वतन्त्रता अक्षुण्ण रहन्छ। तसर्थ, कानून बमोजिम यी हकको नियमन गर्दा संविधानद्वारा प्रदत्त यी हकलाई संविधानले निर्धारण गरेको सीमा भन्दा अलिकति पनि कम नहुने वा फरक नपर्ने गरी गर्नु पर्ने हुन्छ। जहाँसम्म विचार र अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हकको प्रकृतिको प्रश्न छ, यो स्वतन्त्रता र हक संविधानमा व्यवस्था भएका अन्य केही मौलिक हक जस्तै निरपेक्ष रुपमा प्राप्त हुने तथा कानून बमोजिम नियमन नै गर्न नसकिने हक वा स्वतन्त्रता भने होईनन्। संविधान बमोजिम नै खास खास अवस्थामा यी अधिकारलाई रोक लगाउन सक्ने गरी ऐन बनाउन सक्ने गरी बन्देजको व्यवस्था रहेको छ । यस्ता व्यवस्थामा धारा १७ को उपधारा (२) को प्रतिवन्धात्मक बाक्यांश (१), धारा १९ को उपधारा (१) तथा उपधारा (२) का प्रतिवन्धात्मक वाक्यांश तथा धारा २४ को उपधारा (३) लाई लिन सकिन्छ।

विचार तथा अभिव्यक्तिको स्वतन्त्रता कुनै पनि लोकतन्त्रको आधारभूत स्वतन्त्रता हो र त्यसको अभावमा मुलुक लोकतान्त्रिक हुन सक्दैन। तर त्यस्तो स्वतन्त्रता प्रयोग गर्दा वा उपभोग गर्दा समाजका विभिन्न जात, जाति, धर्म, सम्प्रदाय वीचको सुसम्बन्धमा खलल पर्ने भएमा वा त्यस्तो अभिव्यक्तिले जातिय छुवाछुत वा भेदभावलाई दुरुत्साहन हुने भएमा त्यसबाट लोकतन्त्र माथि प्रतिकूल असर पर्ने हुन्छ। यसप्रति सभ्य समाज सदैव सचेत हुन र अन्य कुराका अतिरिक्त त्यस्तो अभिव्यक्तिलाई समेत घृणायुक्त अभिव्यक्तिको रुपमा परिभाषा गर्न उपयुक्त हुने देखिन्छ।

पछिल्लो समयमा विभिन्न प्रकाशन तथा नयाँ सञ्चार माध्यम (न्यूमेडिया) (सामाजिक संजाल) मा बेलाबखतमा घृणायुक्त हुने प्रकृतिका अभिव्यक्ति प्रकट भएका र त्यसलाई निवारण गर्न, नागरिकको त्यस विषयमा सचेतना अभिवृध्दि गर्न र विविधतामा एकता रहेको नेपाली समाजलाई एक अर्का प्रति सहिष्णुपूर्ण व्यवहार कायम गर्न घृणायुक्त अभिव्यक्तिलाई फौजदारीकरण (Criminalize) गरी दण्डनीय बनाउन वाञ्छनीय देखिन्छ।

यसका अतिरिक्त नेपाल पक्ष रहेको सबै प्रकारको जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि,१९६९ (International Convention on the Elimination of All Forms of Racial Discrimination (CERD) 1969) को धारा ७ बमोजिम जातीय भेदभाव विरुध्द सचेतना, शिक्षा र सूचना प्रचार प्रसार गर्नु पर्ने पक्ष राज्यको दायित्व रहेको छ। घृणायुक्त अभिव्यक्तिलाई अन्य लोकतान्त्रिक मुलुकमा फौजदारी कसूरको रुपमा परिभाषित गरी दण्डनीय गरेको पाइन्छ।

उल्लिखित संवैधानिक, कानूनी र अन्तर्राष्ट्रिय दायित्वको आधार र कारणबाट घृणायुक्त अभिव्यक्तिलाई निवारण गर्नुपर्ने देखिदा सो सम्बन्धमा नेपाल सरकारबाट आवश्यक कानूनी व्यवस्था गरी दण्डनीय बनाउन उपयुक्त देखिदा सिफारिस गरिएको छ।

## ४.५ सपुर्दगी र पारस्परिक कानूनी सहायता सन्धि

विज्ञान तथा प्रविधिका उपलव्धि र खासगरी हवाई परिवहनको सहज पहुचका कारण विभिन्न मुलुकका नागरिकहरुको विभिन्न मुलुकमा आवगमन सहज हुन पुगेको छ। यसले गर्दा एक मुलुकमा फौजदारी कसूर गरी त्यसबाट उम्कन अर्को मुलुकमा भाग्ने र भगुवाको हैसियतमा लुकेर रहन सक्ने संभावना बढेको छ। कसूरदारलाई न्यायको रोहमा ल्याई सजाय गर्नका लागि राज्यहरुले आपसमा कसूरदारहरु सपुर्दगी गर्ने र कसूरसँग सम्बन्धित कागजात, दशी, प्रमाण आदान प्रदान र प्रमाण बुझ्न एक अर्कालाई सहयोग गर्न कानूनी सहायताको अभ्यास विकास गरेका छन्। यी दुवै सहयोगको प्रयोग आधुनिक अन्तर्राष्ट्रिय कानून बमोजिम द्विपक्षीय सन्धि बमोजिम अभ्यास गर्न सकिन्छ।

अन्तर्राष्ट्रिय चासोका कसूरको निवारणका लागि व्यवस्था भएका करिव एक दर्जन जति अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्ष रहेको छ। त्यस्ता कसूरमा कसूरदारलाई सपुर्दगी गर्न र कानूनी सहायता आदान प्रदान गर्ने जिम्मेवारी नेपालले लिएको कुरा यहाँ उल्लेख हुन सान्दर्भिक देखिन्छ। नेपालमा विदेशीको आवागमनको क्रम तथा व्यापार, लगानी र कारोबार दिन परदिन बृद्धि भईरहेको र ठूलो संख्यामा नेपालीहरु विभिन्न देशमा रहेबसेको कारण

सपुर्दगी र पारस्परिक कानूनी सहायता नेपाल सरकारको समेत चासो र सरोकारको विषय भएकोले यस्ता विषयहरुमा द्विपक्षीय सन्धि हुनु वाञ्छनीय देखिन्छ। तथापि, हालसम्म सपुर्दगी र पारस्परिक कानूनी सहायताका सम्बन्धमा नगन्य देशसँग मात्र सन्धि सपुर्दगी भएकोले आजको आवश्यकतालाई सम्बोधन हुन सक्ने गरी विभिन्न मुलुकसँग र खासगरी विभिन्न कोणबाट उपयुक्त देखिएका मुलुकहरुसँग आवश्यक सपुर्दगी र पारस्परिक कानूनी सहायता सम्बन्धी द्विपक्षीय सन्धि गर्ने नीति अख्तियार गरी सोही बमोजिम कार्यान्वयन गर्न सिफारिस गरिएको छ।

## ४.६ कैद वापत रकम लिई सजाय कार्यान्वयन

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम एक वर्ष वा एकवर्ष भन्दा कम सजाय निर्धारण भएको मुद्दामा कसूरदारलाई सो दफा बमोजिमको कार्यविधि पूरा गरी कैद वापत रकम भुक्तानी गरी सजाय कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको देखिन्छ। सन् २०१९ को उत्तरार्धदेखि विश्वव्यापीरुपमा फैलिएको कोरोना विषाणु (कोभिड-१९) को महामारीबाट अक्रान्त रहेको नेपालमा कारागार क्षमताको अनुपातमा कारागारमा रहेको कैदीको संख्यालाई दृष्टिगत गर्दा थप कैदीलाई कारागारमा पठाउने काम थप जोखिमपूर्ण हुन सक्ने देखिन्छ।

तत्काल पुर्पक्षको लागि थुनामा नबसेका अदालतबाट एकवर्ष भन्दा कम सजाय पाएका कसूरदार ठहरिएका व्यक्ति फरार रहेका हुन सक्ने अवस्थालाई इन्कार गर्न सकिन्न। यो अवस्थालाई संवोधन गर्न कम्तिमा तीन महिनाको अवधि तोकी सो अवधिमा सम्बन्धित अदालतमा उपस्थित भई कैद वापत रकम लिई सजाय कार्यान्वयन गर्न सम्बन्धित व्यक्तिले निवेदन गरेमा पहिलोपटक कसूर गर्ने जुनसुकै व्यक्तिलाई विनाभेदभाव निवेदन परेको दिनमा नै कानून बमोजिम रकम लिई सजाय कार्यान्वयन गराउन आवश्यक व्यवस्था मिलाउन र सो प्रयोजनका लागि सोको सार्वजनिक सूचना संप्रेषण हुन सुझाव गरिएको छ।

## ४.७ कानून आयोगको जिम्मेवारी र भूमिकाको पुनरावलोकन

सम्वत २०१० साल पौषमा ल कमिशनको रुपमा गठन भई त्यसपछि विभिन्न नामबाट गठन हुदै आएको नेपाल कानून आयोगले २०६३ साल देखि नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम एक स्थायी स्वशासित संस्थाको हैसियत प्राप्त गरेको छ। आयोगले स्थायित्व प्राप्त गरी ऐनको दफा १० बमोजिम जिम्मेवारी निर्धारण भए तापनि वर्तमान सन्दर्भमा त्यसको प्रभावकारीताका लागि आयोगको जिम्मेवारी, कार्यादेश, कार्यसम्पादन विधि तथा यसको संगठनात्मक संरचना तथा मानवस्रोतको पुनरावलोकन हुन आवश्यक छ।

कानूनको सुधार निरन्तर रुपमा अपनाईने प्रक्रिया भएकोले नेपाल कानूनको सुधारका लागि अवधारणात्मक तथा नीतिगत रुपमा नेपाल सरकारलाई आधिकारिक रुपमा सुझाव दिन आयोगको संरचना, जिम्मेवारी तथा यसको भूमिका पुनरावलोकन भई यसलाई कानून तथा न्यायका क्षेत्रको अनुसन्धानमा आधारित एक आधिकारिक नीति विकास संस्था (थिङ्क ट्यांक) को रुपमा विकास हुन आवश्यक देखिन्छ।

## ४.८ सम्पत्ति मूल्याङ्कनकर्ताको एक छुट्टै पेशाको रुपमा विकास

मुलुकमा बैंकिङ्ग कारोबार दिन परदिन बृद्धि भई बैंक, वित्तीय संस्था, सहकारी वा लघुवित्त कम्पनीले चल वा अचल सम्पति धितो लिई ऋण प्रवाह गर्ने अभ्यास मुलुकमा बृद्धि भईरहेको छ। कर्जा लेनदेन गर्दाका वखत कायम रहेको धितोको सम्पतिको यथार्थ मूल्याङ्कन र मूल्याङ्कनकर्ताको जिम्मेवारी र दायित्व सम्बन्धी हाम्रो अभ्यास अझै पनि कानूनी रुपमा नियमन भईसकेको पाईदैन। व्यवहारमा इन्जिनियरिङ्ग, लेखा, चार्टड एकाउन्टेन्सीको अनुभव भएका पेशागत व्यवसायीबाट सम्पत्तिको मूल्याङ्कन हुदै आएको भए तापनि त्यस प्रयोजनका लागि छुट्टै अनुमतिपत्र (ईजाजतपत्र) लिनु पर्ने कानूनी व्यवस्था रहेको पाईन्न। अन्य मुलुकमा सम्पति मूल्याङ्कनकर्ता कानून बमोजिम नियमन भएको एक पेशागत व्यवसायको रुपमा स्थापित भईसकेको पाईन्छ। सम्पति मूल्याङ्कनकर्ताको पेशालाई कानून बमोजिम नियमन गरी मूल्याङ्कनकर्तालाई जिम्मेवार बनाउन राजश्व प्रशासनको दृष्टिकोणबाट पनि

युक्तिसँगत हुने देखिन्छ। तसर्थ, सम्पत्ति मूल्याङ्कनकर्ता पेशालाई मर्यादित बनाउन र सम्पत्ति मूल्याङ्कनलाई विश्वसनीय बनाउन अनुमतिपत्र लिएका व्यक्तिले मात्र सम्पत्ति मूल्याङ्कनकर्ताको हैसियतमा पेशा सञ्चालन गर्ने र त्यस प्रयोजनका लागि नियमनकारी निकायको व्यवस्था गर्न आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गरिएको छ।

## ४.९ कोभिड - १९ को कारणबाट उत्पन्न परिणामलाई संवोधन गर्न कानूनी व्यवस्था गर्ने

सन् २०१९ को अन्त्यदेखि विश्वमा फैलिएको कोरोना विषाणु (कोभिड-१९) को महामारीबाट विश्व अक्रान्त भइ त्यसको परिणाम स्वरुप नेपालको राष्ट्रिय तथा नागरिक जीवन पनि गम्भिर रुपमा प्रभावित भएको छ। यसको परिणाम स्वरुप नागरिकको कानून बमोजिमका अधिकार, कर्तव्य र दायित्व समेत प्रचलनमा कठिनाई भई प्रभावित भएका छन्। यसरी प्रभावित भएको विषयलाई संवोधन गर्न विभिन्न मुलुकमा आवश्यक कानूनी व्यवस्था भइ सकेका छन् । यस्ता विषयमा मुद्दाको हदम्याद, म्याद, तारेख, ईजाजतपत्रको नवीकरण, कर भुक्तानी, करारको परिपालनाको अवधी जस्ता अनेकौ नागरिक जीवनका समयबध्दतासंगको प्रक्रिया विषय प्रभावित भएकाले त्यसरी प्रभावित भएका विषयमा आवश्यक व्यवस्था गरी नागरिकको कानूनी उपचार, कर भुक्तानिको मनासिव अवधि, करार पालनाको उपयुक्त विधि गैरसरकारी तथा सम्बन्धित सेवानिवृत्त स्वास्थकर्मिको परिचालन अस्थाई रुपमा सर्वसाधारणको सम्पत्तिको प्रयोग आदि विषय समावेश हुने गरि कोभिड -१९ लगायत अन्य यस्तै विपदका विषयलाई संवोधन हुन यथाशिघ्र कानूनी व्यवस्था हुन उपयुक्त देखिएकोले सो बमोजिम हुन सिफारिस गरिएको छ।

## ४.१० आयोगको विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन

आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन हुन पुनः सिफारिस गरिएको छ।

## परिच्छेद-पाँच

## आयोगको अवसर र चुनौतिहरु

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले नेपाल कानून आयोगको स्थापना भएको हो। आयोगले आफ्नो स्थापनाकाल देखि नेपालको कानूनी प्रणालीको विकास र समृद्धिमा उल्लेख्य योगदान गरि आएको छ।

### ५.१ अवसरहरु

आयोगका लागि देहायको अवसरहरु रहेका छन्:

- नेपाल कानून आयोग ऐन, २०६३ ले आयोगलाई स्वायत्त कानूनी संस्थाको रुपमा बिकास गरी कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने अधिकार दिएको छ ।
- दशकौको लामो राजनीतिक प्रयासको प्रतिफल स्वरुप संविधानसभावाट निर्माण भएको नेपालको संविधान, करिव छ दशक लामो प्रयास पछि नवीनतम मूल्य मान्यतालाई आत्मसात गरि लागू भएको मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता, अन्तर्राष्ट्रिय सर्बोत्तम अभ्यास (International Best Practice), नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनले सृजना गरेको दायित्व समेतलाई दृष्टिगत गर्दा मौजुदा कानूनी व्यवस्थाहरुमा समयानुकूल सुधार र संशोधन गर्ने उपयुक्त समय आएको छ ।

### ५.२ चुनौतिहरु

आयोगको लागि देहायको चुनौतिहरु रहेका छन् :

- आयोगको संस्थागत स्मरण (Institutional Memory) लाई संस्थागत गर्नु,
- आयोगमा कार्यरत कर्मचारीहरुलाई टिकाई (Retain) राख्नु,
- आयोगको आफ्नै भवन नहुनु,

- दरवन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु, (उदाहरणको लागि दरवन्दीमा उल्लेख भएको कम्प्यूटर ईन्जिनियरको पदपूर्तिको लागि नेपाल सरकारसँग पटक पटक माग गरिएकोमा हालसम्म पूर्ति हुन सकेको छैन)
- कर्मचारीहरुको ब्यावसायिक बिकास र बृत्ति बिकास (Professional and Career Development) गर्नको लागि श्रोत र साधनको अपर्याप्तता रहनु,
- सरोकारवाला निकायहरुसँग समन्वयको कमी हुनु,
- बजेट, श्रोत र साधनको कमी हुनु।

# परिच्छेद–छ

## नेपाल कानून आयोगको भूमिकाको प्रभावकारिता

आयोगलाई तोकिएको कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने क्रममा अनुभव गरिएका देहायका विषयहरुको उपयुक्त सम्बोधन भएमा आयोगले आफ्नो भूमिका थप प्रभावकारी बनाउन सक्ने देखिन्छः-

### ६.१ जनशक्ति व्यवस्थापन

कुनै पनि संगठनको उद्देश्य पूर्ति गर्ने मूख्य श्रोत मानव श्रोत (Human Resource) हो। मानव श्रोतको अभावमा संगठनले आशातीत सफलता प्राप्त गर्न सक्दैन । आयोगको संगठन, संरचना तथा व्यवस्थापनको दरबन्दी सिर्जना भए तापनि आयोगको सहमति समेत नलिई कर्मचारीको दरबन्दी कटौति गर्नु, आयोगका कर्मचारी सरुवा वा काजमा अन्यत्र पठाउदा आयोगसँग समन्वय पनि नगरी कर्मचारी खटन पटन गर्नु जस्ता कार्यले आयोगको संस्थागत स्मरण (Institutional Memory) र कर्मचारीको ब्यावसायिक क्षमता बिकासमा असर परेको छ। यी बिषयहरुमा सम्बद्ध निकायहरु संवेदनशील हुन जरुरी छ।

### ६.२ वृत्तिविकास र ब्यावसायिक विकास (Career Development and Professional Development)

तालिमले कर्मचारीको क्षमतालाई पुनर्ताजगी गर्दछ समय समयमा कर्मचारीहरुमा रहेको क्षमतालाई पुनर्ताजगि र अभिबृद्धि गर्न तालिमको आवश्यक रहने गर्दछ। समयसापेक्ष क्षमतालाई निखार्न विभिन्न प्रकारका तालिमहरु प्रदान गर्नुका साथसाथ कानून तर्जुमा, अध्ययन अनुसन्धान एवं ब्यावसायिक सिपको लागि कर्मचारीहरुलाई लामो अबधिको तालिम (Long Term Training), छोटो अबधिको तालिम (Short Term Training), स्थलगत अनुसन्धान (Field Research), बैदेशिक अध्ययन तालिम (Study Tour in Abroad) जस्ता कार्यक्रमबाट कर्मचारीहरुको क्षमताको बिकास गरी उनीहरुको मनोबल बृद्धि गर्नु पर्ने देखिन्छ।

## ६.३ भौतिक पूर्वाधार

आयोगको आफ्नै भवन नहुँदा सेमिनार कक्ष, वैठक कक्ष, पुस्तकालय, सूचना प्रविधि कक्ष, प्रशिक्षार्थी कक्ष लगायत कर्मचारी बस्ने कोठा समेत व्यवस्थित गर्न सकिएको छैन। आयोगको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि उपयुक्त भवनको स्थायी व्यवस्था हुनु पर्ने आवश्यकता टड्कारो रुपमा खटकिएको छ।

## ६.४ कानून सम्बन्धी अध्ययन, अनुसन्धान र प्रकाशनको व्यवस्था

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को खण्ड (क) मा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने काम उल्लेख गरिएको छ भने सोही दफाको खण्ड (ज) तथा दफा १७ मा कानून सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न आयोगले विशेषज्ञको सेवा लिन सक्ने प्रावधान उल्लेख भए तापनि पर्याप्त बजेटको अभावमा यी बिषयहरुमा प्रभावकारी रुपले कार्य गर्न सकिएको छैन। अतः आयोगलाई कानूनको बिषयमा अध्ययन अनुसन्धान गर्न र विशेषज्ञ सेवा लिनको लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्ने देखिन्छ।

# अनुसूची-१

## नेपाल कानून आयोगमा वि.सं. २०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली

| क्र.सं. | नाम | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | बडाकाजी श्री मणिकलाल राजभण्डारी | २०१०।०९।०६ | |
| २. | श्री बिनोद प्रसाद धिताल | २०२०।१०।०८ | |
| ३. | श्री नयन बहादुर खत्री | २०२९।०२।२९<br>२०३६।०८।२३ | |
| ४. | श्री बिश्वनाथ उपाध्याय | २०४१।०८।०२ | |
| ५. | श्री हरगोबिन्द सिंह प्रधान | २०५२।०१।१९ | |
| ६. | श्री निरञ्जन थापा | २०५९।११।१६ | |
| ७. | श्री बाबुराजा जोशी | २०६३।०४।१५ | |
| ८. | श्री उमेशचन्द्र झा | २०६८।०९।१२ | |
| ९. | श्री माधव प्रसाद पौडेल | २०७३।०३।२६ | |

# अनुसूची-२


## <u>नेपाल कानून आयोगमा वि.सं.२०१० सालदेखि हालसम्मका</u>

## <u>उपाध्यक्षको नामावली</u>

| क्र.सं. | नाम | नियूक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | २०६०।०४।१९ | |
| २. | श्री हरिप्रसाद न्यौपाने | २०६३।०५।२६ | |
| ३. | श्री प्रचण्ड राज प्रधान | २०६८।०९।१२ | |
| ४. | श्री भेषराज शर्मा | २०७२।१०।१३ | |

# अनुसूची-३

## प्रशासनिक संगठन संरचना



# अनुसूची- ४

## कर्मचारी दरबन्दी

| | | |
|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी), नेपाल न्याय सेवा | १ |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | २ |
| ३. | उपसचिव (रा.प. द्वितीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | २ |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | ५ |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल प्रशासन सेवा, लेखा समूह | १ |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी), नेपाल विविध सेवा | १ |
| ७. | नायव सुब्बा, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह | ३ |
| ८. | नायव सुब्बा, नेपाल न्याय सेवा कानून समूह | ५ |
| ९. | कम्प्यूटर अप्रेटर, नेपाल विविध सेवा | १ |
| १०. | खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ |
| ११. | हलुका सवारी चालक, इन्जिनियरिङ्ग सेवा | ३ |
| १२. | कार्यालय सहयोगी | ४ |
| १३. | स्वीपर | १ |
| **कूल दरबन्दी** | | **३३** |

# अनुसूची- ५

## कार्यरत कर्मचारीको नामावली

| | | | |
|---|---|---|---|
| १) | श्री चिरञ्जीवी खनाल | - | सचिव |
| २) | श्री आलोक चन्द्र श्रेष्ठ | - | सह-सचिव |
| ३) | श्री जंग बहादुर डांगी | - | उप–सचिव |
| ४) | श्री निर्मला गुरुङ्ग | - | उप–सचिव |
| ५) | श्री हरिकृष्ण के.सी. | - | शाखा अधिकृत |
| ६) | श्री ठाकुर प्रसाद आचार्य | - | शाखा अधिकृत |
| ७) | श्री समता शर्मा गेलाल | - | शाखा अधिकृत |
| ८) | श्री पदम विनोद पोखरेल | - | लेखा अधिकृत |
| ९) | श्री तील कुमारी अधिकारी | - | नायब सुब्बा |
| १०) | श्री विरु रावत | - | नायब सुब्बा |
| ११) | श्री संजिब गुरुङ्ग | - | नायब सुब्बा |
| १२) | श्री चण्डेश्वरी प्रजापति | - | कम्प्यूटर अप्रेटर |
| १३) | श्री वेद बहादुर घिमिरे | - | खरिदार |
| १४) | श्री कृष्ण गोविन्द महर्जन | - | हलुका सवारी चालक |
| १५) | श्री खिलप्रसाद दाहाल | - | हलुका सवारी चालक |
| १६) | श्री बहादुर महर्जन | - | हलुका सवारी चालक |
| १७) | श्री धन बहादुर क्षेत्री | - | हलुका सवारी चालक (सेवा करार) |
| १८) | श्री राम प्रसाद राजबाहक | - | हलुका सवारी चालक (सेवा करार) |
| १९) | श्री मिठे राना | - | कार्यालय सहयोगी |
| २०) | श्री रामबहादुर रानामगर | - | कार्यालय सहयोगी |
| २१) | श्री दिलशोभा पोडे | - | स्विपर |

| | | | |
|---|---|---|---|
| २२) | श्री सविता राना | - | कार्यालय सहयोगी (सेवा करार) |
| २३) | श्री सृजना लम्साल | - | कार्यालय सहयोगी (सेवा करार) |
| २४) | श्री कर्ण बहादुर बस्नेत | - | कार्यालय सहयोगी (सेवा करार) |

# अनुसूची- ६

## आयोगको वर्तमान भौतिक अवस्थाको विवरण

| | | |
|---|---|---|
| (क) | आयोगको आफ्नो स्थायी भवन | - नभएको |
| (ख) | सवारी साधन विवरण | |
| | कार | - ४ वटा |
| | जीप | - ३ वटा |
| | मोटरसाइकल संख्या | - ७ वटा |
| | स्कुटर संख्या | - २ वटा |
| | इलेक्ट्रिक स्कुटर सख्या | - ३ वटा |
| (ग) | अन्य भौतिक स्रोत साधन | |
| | डेक्सटप कम्प्युटर संख्या | - २४ सेट |
| | प्रिन्टर संख्या | - १४ थान |
| | ल्यापटप कम्प्युटर संख्या | - २० थान |
| | फ्याक्स संख्या | - २ थान |
| | फोटोकपी मेशिन संख्या | - २ थान |
| | क्यामरा | - १ थान |
| | प्रोजेक्टर | - २ थान |
| | मल्टिफङ्सन | - १ थान |
| | स्क्यानिङ मसिन | - ४ थान |
| | टेलीभिजन | - १ थान |

# अनुसूची- ७

## आयोगको वित्तीय विवरण

### २०७७ सालको असार महिनाको खर्चको फाँटवारी पूँजीगत

नेपाल कानुन आयोग, सिंहदरबार

कार्यालय कोड नं.: ३११२१३५०१

खर्चको फाटवारी

२०७६/७७ साल आषाढ महिना

म. ले. प. फारम नं: २१०

नेपाल सरकार नेपाल कानून आयोग २०६३

बजेट उपशीर्षक नं: ३११२१०११४

बजेट उपशीर्षकको नाम: नेपाल कानून आयोग

आर्थिक बर्ष : २०७६/७७

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | आषाढ महिनाको खर्च | आषाढ महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | ६,९८५,000.00 | ६,९८५,000.00 | | | ६,९८५,000.00 | | | 0.00 |
| ३११२२ | मेशिनरी तथा औजार | ५00,000.00 | ८७,0६६.00 | | | ८७,0६६.00 | | | ४१२,९३४.00 |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३00,000.00 | १00,000.00 | | | १00,000.00 | | | २00,000.00 |
| | कुल जम्मा | ७,७८५,000.00 | ७,१७२,0६६.00 | | | ७,१७२,0६६.00 | | | ६१२,९३४.00 |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

लेखा अधिकृत

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

सचिव

# २०७७ सालको असार महिनाको खर्चको फाँटवारी चालु

म. ले. प. फारम नं: २१०

नेपाल कानुन आयोग, सिंहदरबार
कार्यालय कोड नं.: ३११२१३५०१
खर्चको फाटवारी
२०७६/७७ साल आषाढ महिना

नेपाल सरकार नेपाल कानून आयोग २०६३

बजेट उपशीर्षक नं: ३११२१०११३
बजेट उपशीर्षकको नाम: नेपाल कानून आयोग

आर्थिक बर्ष : २०७६/७७

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | आषाढ महिनाको खर्च | आषाढ महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १३,५००,०००.०० | १०,८५४,७९५.३० | | ८२९,८२८.०० | १०,८५४,१९५.३० | | | २,६४५,८०४.७० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | १,९९०,०००.०० | १,९९०,०००.०० | | १५४,२९७.०० | १,९९०,०००.०० | | | ०.०० |
| २११२१ | पोशाक | ३००,०००.०० | २७०,०००.०० | | | २७०,०००.०० | | | ३०,०००.०० |
| २११३२ | महंगी भत्ता | ८००,०००.०० | ५०८,८६६.०० | | ४२,०००.०० | ५०८,८६६.०० | | | २९१,१३४.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १००,०००.०० | | | | | | | १००,०००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ६०,९२५.०० | | | ६०,९२५.०० | | | ३९,०७५.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २००,०००.०० | ८८,०००.०० | | ८८,०००.०० | ८८,०००.०० | | | ११२,०००.०० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | २००,०००.०० | १९५,३४४.०० | | १७,४०४.०० | १९५,३४४.०० | | | ४,६५६.०० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | २००,०००.०० | ५९,३४०.०० | | ३३,९३६.०० | ५९,३४०.०० | | | १४०,६६०.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २००,०००.०० | | | | | | | २००,०००.०० |
| २२१११ | पानी तथा बिजुली | ४००,०००.०० | ३६३,२७८.०० | | ११८,८४१.०० | ३६३,२७८.०० | | | ३६,७२२.०० |
| २२११२ | संचार महसुल | २००,०००.०० | १९४,७९८.०० | | १,७५०.०० | १९४,७९८.०० | | | ५,२०२.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ४००,०००.०० | २८५,९३१.३३ | | ५९,१९५.०० | २८५,९३१.३३ | | | ११४,०६८.६७ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ६००,०००.०० | ६००,०००.०० | | ०.०० | ६००,०००.०० | | | ०.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ८००,०००.०० | ७९९,९९८.०० | | ९१,२९२.०० | ७९९,९९८.०० | | | २.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २००,०००.०० | १९५,६३१.०० | | ४२,०४७.०० | १९५,६३१.०० | | | ४,३६९.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००,०००.०० | १९९,९४२.४४ | | ८१,६००.०० | १९९,९४२.४४ | | | ५७.५६ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ६००,०००.०० | ५८२,४४६.०० | | १०६,८२२.०० | ५८२,४४६.०० | | | १७,५५४.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २००,०००.०० | २००,०००.०० | | १००,०००.०० | २००,०००.०० | | | ०.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १००,०००.०० | ८,९४३.०० | | २,७५०.०० | ८,९४३.०० | | | ९१,०५७.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५००,०००.०० | २४४,२६९.०० | | १६२,४३७.०० | २४४,२६९.०० | | | २५५,७३१.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १००,०००.०० | ९८,३१०.०० | | | ९८,३१०.०० | | | १,६९०.०० |
| २२४१३ | करार सेवा शुल्क | १,३००,०००.०० | १,३००,०००.०० | | ७०,४८०.०० | १,३००,०००.०० | | | ०.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | २००,०००.०० | | | | | | | २००,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | ५,५००,०००.०० | ५,३०१,४१८.३० | | ०.०० | ५,३०१,४१८.३० | | | १९८,५८१.७० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३००,०००.०० | १२७,१००.०० | | | १२७,१००.०० | | | १७२,९००.०० |
| २२६१२ | भ्रमण खर्च | १००,०००.०० | २१,८२०.०० | | | २१,८२०.०० | | | ७८,१८०.०० |
| २२७११ | विविध खर्च | १,१००,०००.०० | १,०३६,८८१.०० | | ६००,९२३.०० | १,०३६,८८१.०० | | | ६३,११९.०० |
| २८१४२ | घर भाडा | २,८५०,०००.०० | २,७९२,३४०.०० | | १,३५९,११६.०० | २,७९२,३४०.०० | | | ५७,६६०.०० |
| | कुल जम्मा | ३३,२४०,०००.०० | २८,३८०,३७६.३७ | | ३,९६३,५१८.०० | २८,३७९,७७६.३७ | | | ४,८६०,२२३.६३ |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

तयार गर्नेको दस्तखत:
नाम: पद्मविनोद पोखरेल
दर्जा:
मिति:

प्रमाणित गर्नेको दस्तखत:
नाम:
दर्जा: सचिव
मिति:

## अनुसूची- ८

## नेपाल सरकार

# नेपाल कानून आयोग

## आ.व.२०७६/०७७ को वार्षिक कार्यक्रम

| क्र. सं. | विवरण | क्रियाकलाप | बजेट (हजारमा) | चौमासिक | | | | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | द्वितीय | तृतीय | जम्मा | | |
| १ | विधेयक तर्जुमा | | १२५० | १ | २ | १ | ४ | | |
| | क. आयोगले आवश्यक ठानेको विषयमा विधेयक तर्जुमा | • संविधान कार्यान्वयन गर्न आवश्यक विधेयक तर्जुमा<br>• संघियता कार्यान्वयन सम्बन्धी विधेयक तर्जुमा<br>• अन्य विषयमा आवश्यक विधेयक तर्जुमा | | | | | | • नेपालको संविधान लागू भएपछि शासकीय स्वरुपमा परिवर्तन भएका विषयहरु सम्बोधन गरी संविधानको कार्यान्वयन गर्नुपर्ने भएकोले<br>• अन्य समसामयिक विषयमा विधेयक तर्जुमा गर्नु पर्ने भएकोले<br>• अन्य निकायबाट अनुरोध भई आए बमोजिम विधेयक तर्जुमा गर्न | स्रोतको उपलव्धता र आवश्यकताका आधारमा थप विधेयक तर्जुमा गर्ने लक्ष्य लिइएको छ । |
| | ख. अन्य निकायबाट आयोगलाई प्राप्त विषयमा विधयक तर्जुमा | | | | | | | | |
| | ग. अन्य विषयमा विधेयक तर्जुमा | | | | | | | | |
| २ | वेवसाईट व्यवस्थापन | | १००० | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क. वेवसाईट अद्यावधिक गर्ने कार्य | • मौजुदा कानूनमा भएका संशोधन अद्यावधिक गर्ने<br>• नयाँ कानूनहरु अद्यावधिक गर्ने<br>• मौजुदा कानूनको अंग्रेजी अनुवाद र अन्तर्राष्ट्रिय कानूनी दस्तावेजको नेपाली अनुवाद अद्यावधिक गर्ने<br>• विभिन्न कानूनी दस्तावेज वेवसाईटमा राख्ने | | | | | | • सूचना प्रविधिको माध्यमबाट सर्वसाधारणलाई कानूनको जानकारी प्रदान गर्न | |
| | ख. अनुवाद | • आवश्यकतानुसार नेपाल कानूनलाई अंग्रेजीमा अनुवाद गर्ने<br>• आवश्यकता अनुसार अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा अनुवाद गर्ने<br>• विभिन्न कानूनी दस्तावेजलाई आवश्यकतानुसार अनुवाद गर्ने | | | | | | • अन्तर्राष्ट्रिय स्तरमा नेपाली कानूनको जानकारी प्रदान गर्न<br>• विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा उपलव्ध गराउन | |
| ३ | अन्तर्क्रिया/गोष्ठी | | १०५० | २ | ३ | २ | ७ | | |
| | क. Legal Dissemination Program | नयाँ तथा महत्वपूर्ण कानून तथा अन्तरनिहित प्रावधानहरुको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने | | १ | १ | १ | ३ | • कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानूनी सिद्वान्तलाई कार्यान्वयन गर्न<br>• कानूनमा व्यवस्था गरिएका महत्वपूर्ण, जटिल तथा नयाँ प्रावधानको ज्ञान सर्वसाधारणलाई दिन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ख. गोष्ठी/अन्तर्क्रिया | • आयोगबाट तर्जुमा गरिने/ भएका विधेयकहरुका सम्बन्धमा सरोकारवाला एवम् विज्ञहरुसँग छलफल तथा अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने<br>• आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा निर्माण सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने | | १ | २ | १ | ४ | • तर्जुमाको क्रममा रहेका वा तर्जुमा गर्नुपर्ने विषयका सम्बन्धमा सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसँग राय सल्लाह एवम् सुझाव संकलन गर्न<br>• संकलित राय सुझावलाई पृष्ठपोषणका रुपमा ग्रहण गरी मस्यौदा तर्जुमा गर्ने वा आवश्यक परिमार्जन गर्न<br>• आयोगले वर्ष भरी गरेका काम कारबाहीको समिक्षा एवम् विश्लेषण गर्दै आगामी कार्यक्रम थप प्रभावकारी वनाउन छलफल तथा अन्तर्क्रिया गर्न | |
| ४ | अध्ययन अनुसन्धान | | २५० | | | | | | |
| | अध्ययन अनुसन्धान गर्ने/ गराउने | • कुनै विषयका सम्बन्धमा अध्ययन अनुसन्धान गरी Research Paper तयार गर्ने<br>• कानून तर्जुमा गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेशहरुको अध्ययन गर्ने<br>• नेपाल सरकारबाट अनुरोध भए वमोजिम विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने | | १ | | | १ | • नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० वमोजिम कानून तथा न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न<br>• तर्जुमाको क्रममा रहेका कानूनको वारेमा अवधारणा स्पष्ट गर्न<br>• सम्बन्धित विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको विश्लेषण | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | गरी कानून तर्जुमा कार्यमा सहजिकरण गर्न<br>• समय परिस्थिति एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका आधारमा कस्तो कानून वनाउन उपयुक्त हुन्छ सो को विश्लेषण गरी कानून तर्जुमा गर्न | |
| ५ | अवधारणापत्र तयार गर्ने | | १५० | ४ | ४ | २ | १० | | |
| | | • आयोगले आवश्यक ठानेको कुनै पनि विषयमा कानून तर्जुमा गर्नका लागि अध्ययन गरी अवधारणापत्र तयार गर्ने<br>• मौजुदा कानूनको पुनरावलोकन गर्न अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने | | | | | | कानून तर्जुमा गर्नु पूर्व संक्षिप्त अवधारणा पत्र तयार गर्दा कानूनको मस्यौदा गर्न सहज हुने | |
| ६ | प्रशिक्षार्थी सेवा लिने | • प्रशिक्षार्थीहरुलाई आयोगको काम कारबाहीमा संलग्न गराउने<br>• विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने | २५० | | | | १० जना | • कानून विषय अध्ययनरत विद्यार्थीलाई आयोगले गर्ने कार्यको वारेमा जानकारी दिन<br>• आयोगको काम कारवाहीमा संलग्न गराई कानून तर्जुमाको व्यवहारिक ज्ञान दिन<br>• प्रशिक्षार्थीहरुको ज्ञानको उपयोग गर्न | |
| ७ | कानूनको खारेजी, परिमार्जन, संशोधन र | • संविधान अनुकूल कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा | ३०० | १ | | | १वटा | विद्यमान कानूनमा रहेका कमी कमजोरी औंल्याउने र खारेजी, | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | एकीकरण गर्ने सम्बन्धमा अध्ययन | परिमार्जन, खारेजी र एकीकरण गर्न अध्ययन गर्ने<br>• समय अनुकूल कानूनको निर्माण/परिमार्जन/खारेजी/ एकीकरण गर्ने | | | | | | परिमार्जन, संशोधन तथा एकीकरणका लागि अध्ययन गरी नेपाल सरकार समक्ष सुझाव दिने | |
| ८ | आयोगको APPs अद्यावधिक | मोवाइल, ट्याव वा ग्याजेटमा चल्ने आयोगको आधिकारिक APPs मा ऐन, कानूनहरुलाई अद्यावधिक राख्ने | ५०० | | | | | समय र प्रविधि अनुकूल संविधान, ऐन, नियम आदिमा सहज र आधिकारिक पहुँच सुनिश्चित गर्न | |
| ९ | कानूनी शव्दकोष (Legal Glossary) निर्माण | आधिकारिक कानूनी शव्दावली (Legal Maxim) तयार गरी प्रकाशन गर्ने | ७५० | | | | | आधिकारिक कानूनी शव्दावली (Legal Maxim) को प्रकाशनबाट विद्यमान कानून एवं कानूनमा प्रयुक्त शव्दावलीलाई बुझ्न, कानूनी अर्थ लगाउन सहज हुने | |

# अनुसूची- ९

## आर्थिक वर्ष २०७६/७७ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएको विधेयकको सूची

### (१) राष्ट्रिय सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता र राष्ट्रिय एकता सुदृढ गरी राष्ट्रिय हित र सुरक्षाको संरक्षण तथा प्रवर्धन गर्न बनेको राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

**परिच्छेद – १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्रिय सुरक्षा ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ख) "परिषद" भन्नाले नेपालको संविधानको धारा २६६ बमोजिम व्यवस्था भएको राष्ट्रिय सुरक्षा परिषद सम्झनु पर्छ ।

(ग) "राष्ट्रिय सुरक्षा नीति" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय सुरक्षा नीति, २०७५ सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय सुरक्षा नीतिमा भएको संशोधन, परिवर्तन, हेरफेर वा त्यसलाई प्रतिस्थापन गर्ने अन्य कुनै राष्ट्रिय सुरक्षा नीति, प्रबन्ध वा व्यवस्था समेतलाई जनाउनेछ ।

**परिच्छेद – २**

**राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन**

३. **राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गर्नेः** (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता र राष्ट्रिय एकता सुदृढ गरी राष्ट्रिय हित र सुरक्षाको संरक्षण तथा प्रवर्धन गर्न नेपाल सरकारले राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन गर्नेछ ।

(२) परिषदले उपदफा (१) बमोजिम राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गर्न एकीकृत कार्ययोजना बनाई कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्नेछ ।

(३) उपदफा (२) को कार्ययोजना बमोजिम नेपाल सरकारका विभिन्न मन्त्रालय वा अन्य निकायले आ–आफ्नो कार्यक्षेत्र भित्रको विषयमा कार्यसम्पादन गर्दा राष्ट्रिय सुरक्षा नीतिमा उल्लिखित विषय कार्यान्वयन गर्नु पर्ने देखिएमा आवश्यक नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरी वा कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

४. **परिषदको जिम्मेवारी हुनेः** (१) राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी परिषदको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी पुरा गर्न परिषदले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा अन्य निकायसँग आवश्यकता अनुसार समन्वय गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि परिषदले सम्बन्धित मन्त्रालय तथा अन्य निकायलाई आवश्यक निर्देशन दिन तथा मार्गदर्शन गर्न सक्नेछ ।

५. **प्रतिवेदन पठाउनु पर्नेः** (१) राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गर्ने नेपाल सरकारका मन्त्रालय वा अन्य निकायले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र त्यस्तो मन्त्रालय वा निकायले सो आर्थिक वर्ष भित्र राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन सम्बन्धमा आफूले गरेका कामको प्रगति विवरण परिषदमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति विवरणमा अन्य कुराका अतिरिक्त देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गर्न बनाइएको कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था र कार्ययोजनाको विवरण,

(ख) खण्ड (क) बमोजिम बनाइएका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था र कार्ययोजना कार्यान्वयनको स्थिति र कार्यान्वयनबाट प्राप्त उपलब्धिको विवरण,

(ग) राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गर्दा देखिएका समस्या र चुनौति तथा समाधानका लागि अपनाउनु पर्ने पूर्व सावधानीका उपायहरु,

(घ) मुलुकको समग्र राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा र प्रतिरक्षा प्रणालीको सुदृढीकरणका लागि गर्नु पर्ने थप सुधारका उपायहरु ।

## परिच्छेद – ३

## संवेदनशील स्थान, संरचना, प्रणाली तथा सूचना

६. **संवेदनशील स्थान, संरचना वा प्रणालीको वर्गीकरण तथा संरक्षण:** (१) नेपाल सरकारले परिषदको सिफारिसमा राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षाको दृष्टिकोणबाट संवेदनशील हुन सक्ने स्थान, संरचना र प्रणालीको नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशील र संवेदनशील स्थान, संरचना वा प्रणालीको रुपमा वर्गीकरण गर्नेछ र त्यस्ता स्थान, संरचना वा प्रणालीको संरक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएका अतिसंवेदनशील वा संवेदनशील स्थान वा संरचनामा आवागमनमा रोक लगाउने गरी अधिकार प्राप्त अधिकारीले प्रचलित कानून बमोजिम आदेश जारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जारी भएको आदेशमा उल्लेख गरिएको अवधिभर त्यस्तो स्थान वा संरचनामा अधिकारप्राप्त व्यक्ति बाहेक अन्य व्यक्तिको आवागमनलाई रोक लगाउन सकिनेछ ।

७. **संवेदनशील सूचनाको वर्गीकरण:** नेपाल सरकारले परिषदको सिफारिसमा राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट संवेदनशील हुन सक्ने सूचनाको तोकिए बमोजिम पहिचान गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशील र संवेदनशील सूचनाको रुपमा वर्गीकरण गर्नेछ ।

८. **संवेदनशील सूचनामा पहूँच:** तोकिएका पदाधिकारी वा व्यक्ति बाहेक दफा ७ बमोजिम वर्गीकरण भएका अतिसंवेदनशील वा संवेदनशील सूचनामा अन्य कसैको पहुँच हुन सक्ने छैन ।

९. **<u>संवेदनशील सूचना सार्वजनिक गर्न नहुने:</u>** (१) दफा ७ बमोजिम वर्गीकरण गरिएको सूचना तोकिएको अवधिसम्म सार्वजनिक गर्न नहुने गरी सम्बन्धित पदाधिकारीले संरक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भन्दा अघि नै दफा ८ बमोजिम सूचनामा पहुँच भएको व्यक्ति वा पदाधिकारीले पदमा बहाल रहदा वा नरहदा जुनसुकै अवस्थामा पनि त्यस्तो सूचना कानूनको पालना गर्दा बाहेक अन्य अवस्थामा कसैलाई दिएमा, प्रकट, संकेत वा खुलासा गरेमा वा गराएमा वा त्यस्तो सूचनामा अन्य जुनसुकै ब्यहोराले कसैलाई पहूँच हुन दिएमा, त्यसको दुरुपयोग, चुहावट वा सार्वजनिक गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जासुसीको उद्देश्यले जासुसी कार्यलाई सहयोग पुग्ने गरी नेपालको सैनिक स्थिति, सामरिक अवस्था वा राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषयको सूचना संकलन वा कसैलाई दिएको, प्रकट गरेको वा खुलासा गरेको भए प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

१०. **<u>परिषदलाई जानकारी गराउनु पर्ने:</u>** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कानून र व्यवस्था कायम गर्न अधिकारप्राप्त अधिकारी वा स्थानीय प्रशासन सम्बन्धी अधिकार प्राप्त अधिकारीले सुरक्षासँग सम्बन्धित विषयमा अपनाएको नीति, कार्यान्वयन गरेका कार्यक्रम, दिएका मुख्य मुख्य आदेश वा निर्देशनको जानकारी वा प्रतिवेदन सम्बन्धित मन्त्रालय मार्फत परिषदमा पठाउनु पर्नेछ ।

## परिच्छेद – ४

## <u>सीमा संरक्षण</u>

११. **<u>अन्तर्राष्ट्रिय सीमाना तथा सीमास्तम्भको संरक्षण:</u>** (१) नेपाल सरकारले नेपालसँग सीमाना जोडिएका छिमेकी मुलुकसँग भएको सन्धि बमोजिम कायम भएको अन्तर्राष्ट्रिय सीमा, सीमा निर्धारणका लागि राखिएका सीमास्तम्भ, सीमा चिन्ह वा दशगजा क्षेत्रको नियमित रुपमा अवलोकन तथा अनुगमन गर्नेछ ।

(२) अन्तर्राष्ट्रिय सीमा, सीमा चिन्ह वा दशगजा क्षेत्रको अतिक्रमण वा कब्जा भएको देखिएमा वा सीमास्तम्भ, सीमा चिन्हको हानि, नोक्सानी वा त्यसको स्थान परिवर्तन गरेको पाइएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले गृह मन्त्रालय मार्फत परिषदलाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सीमा, सीमास्तम्भ, सीमा चिन्ह वा दशगजा क्षेत्रको अवलोकन गर्दा वा उपदफा (२) बमोजिम जानकारी प्राप्त भएमा नेपाल सरकारले कुटनीतिक माध्यम मार्फत त्यस विषयमा सम्बन्धित छिमेकी मुलुकसँग समन्वय गरी सन्धि तथा स्वीकृत नक्शा बमोजिम पूर्ववत अवस्थामा ल्याउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय सीमा, सीमा निर्धारणका लागि राखिएका सीमास्तम्भ, सीमा चिन्ह वा दशगजा क्षेत्रको सर्वेक्षण वा मर्मत सम्भार सम्बन्धित छिमेकी मुलुकसँग समन्वय गरी गर्नु पर्नेछ ।

१२. **उच्चस्तरीय समितिः** (१) नेपालको अन्तर्राष्ट्रिय सीमाको अध्ययन, अवलोकन तथा अनुगमन गर्नका लागि नेपाल सरकारले एक उच्चस्तरीय समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका अतिरिक्त तोकिए बमोजिमका निकायका प्रतिनिधि तथा तोकिए बमोजिमको योग्यता पुगेका विज्ञ रहने छन् ।

(३) उपदफा (१) बमोजिमको समितिको कार्यक्षेत्रगत शर्त तथा कार्य सम्पादन विधि तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले गरेको अन्तर्राष्ट्रिय सीमाको अध्ययन, अवलोकन तथा अनुगमनको प्रतिवेदन नेपाल सरकार गृह मन्त्रालय, रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पेश गर्नेछ ।

(५) नेपाल सरकारले आवश्यकता अनुसार उपदफा (१) बमोजिमको समितिको सिफारिसमा सीमाको अध्ययन, अवलोकन वा अनुगमन गर्नका लागि सीमा अनुगमन टोली गठन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको टोलीमा तोकिए बमोजिमका निकायका प्रतिनिधिका अतिरिक्त तोकिए बमोजिमका योग्यता पुगेका विज्ञ रहने छन् र त्यस्तो टोलीको कार्यक्षेत्रगत शर्त तथा कार्य सम्पादन विधी तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५

## विविध

१३. **परिषदको परामर्श प्राप्त गर्नु पर्नेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि युरेनियम वा प्लुटोनियम जस्ता पदार्थको उत्खनन, ढुवानी, निकासी वा पैठारी गर्दा वा तोकिएको भन्दा बढी क्षमताको विकिरण पैदा गर्ने रेडियोधर्मी सामाग्रीको

निकासी वा पैठारी गर्न कानून बमोजिम अनुमतिपत्र जारी गर्नु अघि अधिकारप्राप्त अधिकारीले परिषदको परामर्श प्राप्त गर्नु पर्नेछ ।

१४. **<u>राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्तिः</u>** (१) नेपाल सरकारले परिषदको सिफारिसमा राष्ट्रिय सुरक्षाको सम्बन्धमा नेपाल सरकारलाई सल्लाह र परामर्श दिन तोकिए बमोजिमको योग्यता पुगेको विज्ञलाई राष्ट्रिय सुरक्षा सल्लाहकारको रुपमा नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त राष्ट्रिय सुरक्षा सल्लाहकारको काम, कर्तव्य तथा अधिकार, सेवा सर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

१५. **<u>नेपाल सरकार वादी हुनेः</u>** दफा ९ को उपदफा (२) बमोजिम सजाय हुने मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

१६. **<u>मुद्दाको कारबाई र किनाराः</u>** दफा ९ को उपदफा (२) बमोजिम सजाय हुने मुद्दाको कारबाई, सुनुवाइ र किनारा गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई हुनेछ ।

१७. **<u>प्रतिवेदन पेश गर्नेः</u>** (१) परिषदको सचिवालयले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिनाभित्र राष्ट्रिय सुरक्षा नीति कार्यान्वयनका सम्बन्धमा परिषद समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विषय तोकिए बमोजिम हुनेछ ।

१८. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउनेछ ।

## (२) विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना :** राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्याइ मुलुकको श्रीबृद्धि गर्ने व्यक्तिलाई राज्यका तर्फबाट प्रदान गरिने विभूषण, उपाधि वा सम्मान सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "विभूषण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एक्काइसौं दिनबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अलङ्कार" भन्नाले दफा २४ बमोजिम प्रदान गरिने अलङ्कार सम्झनु पर्छ।

(ख) "उपाधि" भन्नाले दफा ३१ बमोजिम प्रदान गरिने उपाधि सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "पदक" भन्नाले दफा २८ बमोजिम प्रदान गरिने पदक सम्झनु पर्छ ।

(ङ) "विभूषण" भन्नाले यस ऐन बमोजिम प्रदान गरिने मानपदवी, अलङ्कार र पदक सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(छ) "मानपदवी" भन्नाले परिच्छेद ३ बमोजिम प्रदान गरिने मानपदवी सम्झनु पर्छ ।

(ज) "सनदपत्र" भन्नाले यस ऐन बमोजिम प्रदान भएको विभूषण वा उपाधि प्रमाणित गर्ने अधिकारपत्र सम्झनु पर्छ।

(झ) "सम्मान" भन्नाले दफा ३२ बमोजिम प्रदान गरिने सम्मान सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन हुने विभूषण सिफारिश समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## विभूषण प्रदान गर्ने आधार तथा प्रक्रिया

३. **विभूषण प्रदान गर्न सक्ने :** (१) राष्ट्रपतिले मन्त्रिपरिषको सिफारिश बमोजिम राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा उल्लेखनीय र विशिष्ट योगदान पुर्याई वा नेपालको प्रतिनिधित्व गरी अन्तर्राष्ट्रिय क्षेत्रमा विशिष्ट योगदान पुर्याई मुलुकको श्रीबृध्दि गर्ने नेपाली नागरिक वा संघ, संस्था वा नेपाल र नेपाली जनतासंगको मैत्रीपूर्ण सम्बन्ध सुदृढ गर्ने वा नेपाल र नेपालीको हित चिताउने विदेशी राज्य वा अन्तर्राष्ट्रिय संस्थाका पदाधिकारी वा विदेशी नागरिक वा विदेशी संघ, संस्थालाई राज्यको तर्फबाट यस ऐन बमोजिम विभिन्न विभूषण, उपाधि वा सम्मान प्रदान गर्न सक्नेछ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम विभूषण पाउने व्यक्तिको नाम, थर, ठेगाना, पेशा र निजले योगदान पुर्याएको विवरण र निजलाई प्रदान भएको विभूषणको विवरण सर्वसाधारणको जानकारीका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (१) बमोजिम बाहेक राज्यको तर्फबाट कसैले कुनै पनि विभूषण, उपाधि वा सम्मान प्रदान गर्न सक्ने छैन र प्रदान भएमा मान्य हुने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्था वा निकायले आफ्नो कार्यक्षेत्रका विषयमा कुनै किसिमको पदक वा पुरस्कार प्रदान गर्न बाधा पर्ने छैन।

४. **विभूषण सिफारिश समिति** : (१) दफा ३ को उपदफा (१) बमोजिम विभूषण प्रदान गरिने व्यक्तिको नाम राष्ट्रपति समक्ष सिफारिश गर्न मन्त्रिपरिषदलाई सुझाव दिन देहाय बमोजिमको एक विभूषण सिफारिश समिति गठन हुनेछ :-

(क) गृह मन्त्री, नेपाल सरकार - अध्यक्ष

(ख) नेपाल निजामती सेवाबाट अवकाशप्राप्त मुख्य सचिव वा सचिवमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति एकजना - सदस्य

(ग) नेपाली सेनाको कम्तिमा उपरथीको पदबाट

अवकाश प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेको एक जना -सदस्य

(घ) राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान पुर्याएका विशिष्ट व्यक्तिहरुमध्येबाट मन्त्रालयको सिफारिशमा समावेशी सिद्धान्तको आधारमा कम्तिमा एक जना महिला सहित नेपाल सरकारले तोकेको तीन जना -सदस्य

(ङ) गृह सचिव, नेपाल सरकार - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको सदस्यहरुका पदावधी दुई वर्षको हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको वैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) अध्यक्ष सहित कम्तीमा चार जना सदस्य उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पूरा भएको मानिनेछ।

(५) समितिको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ र सर्वसम्मति कायम हुन नसकेमा बहुमतको राय मान्य हुनेछ।

(६) समितिको वैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) समितिको बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछन्।

(८) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>प्रदेश विभूषण सुझाव समिति</u> : (१) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्याएका आफ्नो प्रदेश भित्रका नागरिक वा संघ, संस्था वा प्रदेशस्तरका कार्यालयका कर्मचारीलाई विभूषण प्रदान गर्न उपयुक्त भई समिति समक्ष नाम सिफारिश गर्न प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश विभूषण सुझाव समिति रहनेछ :-

(क) प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्री -अध्यक्ष

(ख) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(ग) राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान पुर्याएका विशिष्ट व्यक्तिहरुमध्येबाट कम्तीमा एक जना

महिला सहित मुख्य मन्त्रीले तोकेको दुई जना -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय
-सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यहरुको पदावधी दुई वर्षको हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको वैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको वैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको समितिले विशिष्ट योगदान पुर्याएका नागरिक वा संघ, संस्थाको नाम, थर, ठेगाना तथा निजले पुर्याएको योगदानको विवरण तोकिएको ढाँचामा तयार गरी तोकिएको अवधिभित्रमा समितिमा सिफारिश गरि पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिश गर्दा विभूषण प्रदान गरिने विभिन्न विधालाई समेट्ने गरी वढीमा दुई जनाको नाम सिफारिश गर्न सकिनेछ।

(७) उपदफा (५) बमोजिमको सिफारिश विद्युतीय माध्यम मार्फत पनि पठाउन सकिनेछ।

६. **विभूषण प्रदान गर्न सुझाव दिन सक्ने :** (१) कुनै नेपाली नागरिक वा संघ, संस्थाले मुलुकको राष्ट्रिय जीवनमा दफा ८ मा उल्लिखित कुनै विधामा मुलुकको श्रीबृद्धि गर्न उल्लेखनीय र विशिष्ट योगदान पुर्याएको, निजले पुर्याएको योगदानबाट मुलुकले उल्लेख्य उपलब्धि हासिल गरेको वा राष्ट्रको गौरब कायम गरेको विवरण सहित उपयुक्त विभूषण प्रदान गर्न कुनै पनि नेपाली नागरिक वा संघ, संस्थाले समितिमा तोकिएको ढाँचामा तोकिएको अवधिभित्र सुझाव पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सुझाव पठाउदा विद्युतीय माध्यम मार्फत पनि पठाउन सकिनेछ।

७. **विभूषणको लागि सिफारिश गर्न सुझाव दिन सक्ने** : (१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउने नागरिक वा संघ संस्थाको नाम, थर, ठेगाना तथा निजले पुर्याएको योगदानको विवरण सहित

तोकिएको ढाँचामा तयार गरि देहायका पदाधिकारीले विभूषण प्रदान गर्न तोकिएको अवधिभित्र समितिमा सुझाव पठाउनु पर्नेछ :-

(क) संवैधानिक निकायका प्रमुख पदाधिकारी भए समिति आफैले वा अन्य पदाधिकारी वा त्यस्तो निकायमा कार्यरत कर्मचारी भए सम्बन्धित संवैधानिक निकायका प्रमुख पदाधिकारीले,

(ख) संघीय संसद् सचिवालयका कर्मचारी भए संघीय संसद्को महासचिवले,

(ग) निजामती सेवा वा कुनै मन्त्रालयसँग सम्बन्धित सरकारी, संगठित संस्था वा गैरसरकारी वा सेवा करारमा रहेका कर्मचारी भए सम्बन्धित मन्त्रीले,

(घ) कुनै पेशा वा व्यवसाय संचालन गर्ने पेशाकर्मी, व्यवसायी भए सम्बन्धित मन्त्रीले,

(ङ) राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्याउने अन्य सरकारी वा गैरसरकारी व्यक्ति भए त्यस्तो योगदानको विषयसँग सम्बन्धित मन्त्रालयले,

(च) खण्ड (क), (ख), (ग), (घ) वा (ङ) मा उल्लिखित व्यक्ति बाहेक अन्य व्यक्तिका हकमा नेपाल सरकारको गृह मन्त्रीले।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विभूषण प्रदान गर्न योग्य विदेशी राष्ट्रका पदाधिकारी वा विदेशी नागरिक भए सम्बन्धित देशको राजदूतको सिफारिशमा परराष्ट्र मन्त्रीले वा परराष्ट्रमन्त्री आफैले समितिमा सिफारिश गर्नेछ।

८. **<u>सिफारिशका आधार</u>** : विभूषण प्रदान गर्नको लागि समितिमा सिफारिश गर्दा सम्बन्धित व्यक्तिले देहायका शर्त पूरा गरेको विषयलाई आधार लिनुपर्नेछ :-

(क) राष्ट्रको गौरव वृद्धि गर्ने कार्यमा उल्लेखनीय योगदान पुर्याएको,

(ख) सम्बन्धित क्षेत्रमा अन्यन्त उत्कृष्ट काम गरी राष्ट्रलाई महत्वपूर्ण योगदान पुर्याएको र त्यस्तो योगदानबाट श्रीबृद्धि गर्न उपलब्धि हासिल भएको,

(ग) साहित्य, संगीत, कला, नाट्य, चलचित्र, संस्कृती वा खेलकुदका क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको वा दशकौं देखि निरन्तर रुपमा सम्बन्धित क्षेत्रमा साधना गरी अतुलनीय योगदान पुर्याएको,

(घ) विज्ञान, प्रविधि वा सूचना प्रविधि क्षेत्रमा आविष्कार, अन्वेषण वा अनुसन्धान गरी नवीनतम उपलब्धि हासिल गरेको,

(ङ) अन्तर्राष्ट्रिय प्रतिष्पर्धात्मक कुनै क्षेत्र भए प्रतिष्पर्धामा निजले कुनै उल्लेख्य उपलब्धि हासिल गरेको,

(च) सार्वजनिक प्रशासन वा सार्वजनिक सेवासँग सम्बन्धित व्यक्ति भए निजलाई सुम्पिएको काम प्रशंसनीय रुपमा सम्पादन गरी सुशासनलाई व्यवहारमा कार्यान्वयन गरेको वा सार्वजनिक सेवालाई असाधारण रुपमा प्रभावकारी बनाएको,

(छ) कुनै साहसी वा बुद्धिमतापूर्ण काम गरी सार्वजनिक हितको लागि विशेष योगदान पुर्याएको वा जोखिमपूर्ण कामको व्यवस्थापन गरेको,

(ज) तोकिएको अन्य उल्लेख्य काम गरेको।

९. **सिफारिशको सम्बन्धमा छानवीन गर्ने** : (१) विभूषण प्रदान गर्नका लागि दफा ५, ६ वा ७ बमोजिम प्राप्त सुझावको सम्बन्धमा समितिले आवश्यक छानवीन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छानवीन गर्दा समितिले सिफारिश गरेको व्यक्तिको विवरण तथा निजले राष्ट्रिय जीवनमा पुर्याएको योगदानको मूल्याङ्कन गरी विभूषण प्रदान गर्न उपयुक्त भए वा नभएको विषयमा यकिन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम यकिन गर्दा एउटै विधामा विभूषणको लागि एक भन्दा वढी व्यक्ति सिफारिश भएको र विभूषण दिन योग्य देखिएकोमा राष्ट्रिय जीवनमा त्यस्तो व्यक्तिले पुर्याएको योगदानको आधारमा सवैभन्दा उल्लेखनीय र विशिष्ट योगदान पुर्याएको र जुन विभूषण प्रदान गर्न सुझाव प्राप्त भएको हो त्यस्तो विभूषण प्राप्त गर्न यस ऐन बमोजिम पूरा गर्नु पर्ने आधार र शर्त पूरा गरेको व्यक्तिलाई प्राथमिकताक्रममा राखेर समितिले क्रम निर्धारण गर्नु पर्नेछ।

(४) समितिले उपदफा (३) बमोजिम क्रम निर्धारण गर्दा विभूषणको लागि सिफारिश भएको व्यक्तिको नाम, थर, ठेगाना र योगदान तथा योगदानलाई समर्थन तथा पुष्टि गर्ने कागज प्रमाण समेत संलग्न भए वा नभएको यकिन गर्नु पर्नेछ।

१०. **<u>मन्त्रिपरिषदमा सिफारिश पेश गर्ने</u>** : (१) समितिले दफा ९ बमोजिम छानवीन गर्दा राष्ट्रिय जीवनमा कुनै व्यक्ति वा संस्थाले पुर्याएको उल्लेखनीय र विशिष्ट योगदान र प्रदान गरिने विभूषण यकिन गरी देहायको विवरण साथ विभूषण प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषदमा सुझाव सहित सिफारिश पेश गर्नेछ :-

(क) विभूषण प्राप्त गर्ने व्यक्तिको नाम, थर, ठेगाना,

(ख) सिफारिश गरिएको व्यक्तिको पहिचान खुल्ने विवरण,

(ग) विभूषण प्रदान गर्नुपर्ने गरी त्यस्तो व्यक्तिले गरेको योगदानको विस्तृत विवरण तथा त्यसलाई पुष्टि गर्ने प्रमाण,

(घ) निजलाई विगतमा विभूषण प्रदान गरिसकेको भए त्यसरी प्रदान गरेको विभूषणको नाम र विभूषण प्रदान गरेको वर्ष,

(ङ) सिफारिश गरिएको विभूषणको नाम, श्रेणी विभाजन भएको विभूषण भए श्रेणी,

(च) तोकिए बमोजिमका अन्य विवरण।

(२) विदेशी मुलुकको राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्री वा सो सरहका पदाधिकारी, विदेशी नागरिकलाई विभूषणको लागि सिफारिश गर्दा सम्बन्धित मुलुकको प्रचलनलाई समेत ध्यानमा राखी सिफारिश गर्नु पर्नेछ।

(३) विभूषण सिफारिश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **<u>योगदानको आधारमा उपाधि, सम्मान वा विभूषण प्रदान गर्ने</u>** : यस ऐन बमोजिम कुनै व्यक्तिलाई कुनै उपाधि, सम्मान वा विभूषण प्रदान गर्न सिफारिश गर्दा वा प्रदान गर्दा त्यस्तो व्यक्तिको उमेर, पेशा, पद वा सामाजिक हैसियत विचार नगरी सम्बन्धित क्षेत्रमा निजले पुर्याएको योगदान वा त्यसबाट हासिल भएको उपलब्धिलाई मात्र आधार लिनु पर्नेछ।

१२. **<u>विभूषण पाउने व्यक्तिको नाम सार्वजनिक गर्ने</u>** : (१) राष्ट्रपतिबाट विभूषण पाउने व्यक्तिहरुको नामावली स्वीकृत भई विभूषण प्रदान गरेको विषय सार्वजनिक भएपछि

मन्त्रालयले त्यस्ता व्यक्तिहरुको नाम, थर, ठेगाना, निजले राष्ट्रिय जीवनमा पुर्याएको योगदान तथा प्रदान गरिएको विभूषणको विवरण खुलाई नेपालको राष्ट्रिय दिवसको दिन सार्वजनिक गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी मुलुकका राष्ट्रप्रमुख, सरकार प्रमुख, विदेश मन्त्री वा अन्तर-सरकारी अन्तर्राष्ट्रिय संस्थाका प्रमुखलाई प्रदान गर्ने विभूषण जुनसुकै बखत प्रदान गर्न सकिनेछ।

१३. **सुशोभन समारोह** : (१) राष्ट्रपतिबाट विभूषण पाउने व्यक्तिलाई निजले प्राप्त गरेको विभूषण, त्यसको प्रतीक समूह र सनदपत्र प्रदान गर्नको लागि मन्त्रालयले तोकेको मितिमा सुशोभन समारोह आयोजना गरिनेछ।

(२) उपदफा (१) बमोजिम आयोजना भएको सुशोभन समारोहमा राष्ट्रपति आफैले सम्बन्धित व्यक्तिलाई विभूषण पहिराई विभूषणसँग सम्बन्धित सनदपत्र निजलाई प्रदान गर्नेछ।

तर विभूषण प्रदान गरिएको व्यक्तिले सुशोभन हुनु अघि दफा ४२ बमोजिमको कुनै कसूर गरेकोमा वा अन्य कुनै कसूरको सिलसिलामा हिरासत वा थुनामा रहेमा वा निज कानून बमोजिम कालोसूचीमा परेमा त्यस्तो व्यक्तिलाई विभूषण पहिराउन र सनदपत्र प्रदान गरिने छैन।

(३) उपदफा (२) बमोजिमको सनदपत्रमा सम्बन्धित व्यक्तिले गरेको योगदानको विवरण उल्लेखन र राष्ट्रपतिको हस्ताक्षर हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी मुलुकका राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्री वा अन्तरसरकारी अन्तर्राष्ट्रिय संस्थाका प्रमुखलाई विभूषण प्रदान गरेकोमा जुनसुकै वखत सुशोभन समारोहको आयोजना गर्न सकिनेछ।

(५) कुनै व्यक्तिलाई मरणोपरान्त विभूषण प्रदान गरिएकोमा वा विभूषण प्रदान गरिएको व्यक्तिको सुशोभन समारोह हुनु अगाडि नै मृत्यु भएमा निजले पाउने विभूषण र सनदपत्र निजको बाबु वा आमा, पती वा पत्नी, छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री मध्ये कसैलाई प्रदान गरिनेछ।

तर त्यस्तो कुनै व्यक्ति नभएमा कानून बमोजिमको हकवालालाई प्रदान गर्न सकिनेछ।

(६) विभूषण प्राप्त गर्ने व्यक्तिले सुशोभन समारोह हुनुअघि त्यसको प्रतीक समूह लगाउन सक्ने छैन।

(७) विभूषित हुने व्यक्ति तोकिए बमोजिमको परिधान (पोसाक) मा सुशोभन समारोहमा उपस्थित हुनु पर्नेछ।

१४. **विभूषण बुझिलिनुपर्ने** : (१) दफा १३ बमोजिम आयोजना गरिएको सुशोभन समारोहका दिन विभूषण पाउने व्यक्ति कुनै कारणले उपस्थित हुन नसकेमा निजले विभूषण, प्रतीक समूह र सनदपत्र सुशोभन समारोह सम्पन्न भएको एक वर्ष भित्र मन्त्रालयबाट बुझिलिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र विभूषण बुझि लिन नसक्ने व्यक्तिले त्यस्को मनासिव कारण देखाई अवधि थप गर्नको लागि मन्त्रालयमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा मन्त्रालयले विभूषण, विभूषणको प्रतीक समूह र सनदपत्र प्राप्त गर्नको लागि मनासिव माफिकको अवधि थप गरिदिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम निवेदन नदिएमा वा उपदफा (३) बमोजिम थपिएको अवधिभित्र पनि विभूषण बुझिनलिएमा त्यस्तो अवधि समाप्त भएपछि त्यस्तो व्यक्तिले प्राप्त गरेको विभूषण स्वतः नेपाल सरकारमा फिर्ता भएको मानिनेछ।

## परिच्छेद-३

## मानपदवी र मर्यादाक्रम

१५. **मानपदवी र मर्यादाक्रम** : (१) यस ऐन बमोजिम प्रदान गरिने मानपदवी र त्यसको मर्यादाक्रम देहाय बमोजिम हुनेछ :-

(क) नेपाल रत्न,

(ख) सगरमाथा सम्मान विभूषण,

(ग) गौतम बुध्द शान्ति विभूषण,

(घ) राष्ट्रगौरव,

(ङ) राष्ट्रदीप,

(च) जनसेवा श्री ।

१६. **नेपाल रत्न** : (१) राष्ट्रिय जीवनको कुनै पनि क्षेत्रमा असाधारण, अद्वितीय र अतुलनीय योगदान पुर्याई त्यस्तो क्षेत्रमा अनुकूल प्रभाव पुर्याउने कुनैपनि नेपाली नागरिकलाई निज जीवित रहेको अवस्थामा नेपाल रत्न प्रदान हुन सक्नेछ।

तर निजको मृत्यू भएको तीन वर्ष भित्र त्यस्तो पदक प्रदान गर्न बाधा पर्ने छैन।

(२) नेपाल रत्न एक वर्षमा एकजनालाई दिईने छ र एक पटक नेपाल रत्नबाट विभूषित भएको व्यक्तिलाई पुनः अर्को कुनै मानपदवी प्रदान गर्न सकिने छैन।

(३) नेपाल रत्नबाट विभूषित हुने नागरिकलाई तोकिए बमोजिम परिचयपत्र र प्रतीक चिन्ह प्रदान गरिनेछ।

(४) नेपाल रत्न सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **सगरमाथा सम्मान विभूषण** : (१) नेपाल र नेपाली जनतासँग सम्बन्धित मुलुक र त्यसका जनतासंग मैत्रीपूर्ण सम्बन्ध सुदृढ गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल र नेपाली जनताको अधिकार र पहिचान संरक्षण र उजागर गर्न असाधारण, अतुलनीय र अद्वितीय योगदान पुर्याएको वा नेपालको आर्थिक तथा सामाजिक विकासमा असाधारण तथा अतुलनीय योगदान पुर्याएको विदेशी राज्यको बहालवाला राष्ट्राध्यक्ष, सरकार प्रमुख, मन्त्री वा संयुक्त राष्ट्रसंघका महासचिव वा सो सरहका पदाधिकारी वा त्यस्तो पदबाट अवकास प्राप्त व्यक्तिलाई सगरमाथा सम्मान विभूषण प्रदान हुन सक्नेछ।

(३) एक पटक सगरमाथा सम्मान विभूषणबाट विभूषित भएको पदाधिकारीलाई पुनः सोही विभूषण प्रदान हुन सक्ने छैन।

(४) सगरमाथा सम्मान विभूषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **गौतम बुध्द शान्ति विभूषण** : (१) नेपालको सामाजिक, आर्थिक विकासमा असाधारण तथा उल्लेखनीय योगदान पुर्याउने, नेपाल र नेपालीको अन्तर्राष्ट्रिय स्तरमा अधिकारको पक्षमा आवाज उठाउने वा नेपाल र नेपालीको पहिचान गराई प्रचार प्रसार गर्ने, नेपालको विभिन्न क्षेत्रमा अन्वेषण वा अनुसन्धान गरी विशिष्ट उपलब्धि हासिल गर्ने वा नेपाली र सम्बन्धित विदेशी मुलुकका नागरिकबीच जनस्तरमा विभिन्न क्षेत्रमा उल्लेख्य रुपमा सम्बन्ध प्रवर्धन गर्ने कुनै पनि विदेशी नागरिकलाई गौतम बुध्द शान्ति विभूषण प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्व शान्ति, अन्तर्राष्ट्रिय भाईचारा, मानव अधिकारको संरक्षण, अन्तर्राष्ट्रिय स्तरमा सामाजिक न्याय तथा प्रगतिको लागि अन्तर्राष्ट्रिय स्तरमा नै ख्यातिप्राप्त राजनेता, विश्वविख्यात वैज्ञानिक वा नोवेल पुरस्कार वा त्यस्तै प्रकृतिको अन्य अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्ने कुनै पनि विदेशी नागरिकलाई गौतम वुद्ध शान्ति विभूषण प्रदान गर्न सकिनेछ।

(३) गौतम बुध्द शान्ति विभूषणबाट विभूषित हुने व्यक्तिलाई तोकिए बमोजिम सुविधा प्रदान गर्नु पर्नेछ।

(४) गौतम बुध्द शान्ति विभूषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **राष्ट्र गौरव** : (१) राष्ट्रिय जीवनको कुनै पनि क्षेत्रमा असाधारण, अतुलनीय र उल्लेख्य योगदान पुर्याउने कुनैपनि नेपाली नागरिक वा संघ संस्थालाई त्यस्तो नागरिक जीवित रहेको अवस्थामा राष्ट्र गौरव मानपदवी प्रदान गर्न सकिनेछ।

तर निजको मृत्यू भएको तीन वर्ष भित्र त्यस्तो पदक प्रदान गर्न बाधा पर्ने छैन।

(२) राष्ट्र गौरव मानपदवी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **राष्ट्रदीप** : (१) राष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा उल्लेखनीय र असाधारण योगदान पुर्याएको कुनै पनि नेपाली नागरिकलाई वा संघ, संस्थालाई नीज जीवित रहेको अवस्थामा राष्ट्रदीप प्रदान गर्न सकिने छ।

तर निजको मृत्यू भएको तीन वर्ष भित्र त्यस्तो मानपदवी प्रदान गर्न बाधा पर्ने छैन।

(२) राष्ट्रदिप मानपदवी विभिन्न श्रेणीमा वर्गीकरण गर्न सकिनेछ।

(३) राष्ट्रदीप मानपदवी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **जनसेवा श्री** : (१) राष्ट्रिय जीवनको कुनै पनि क्षेत्रमा विशिष्ट, महत्वपूर्ण तथा उल्लेखनीय योगदान पुर्याएको नेपाली नागरिक वा संघ संस्थालाई जनसेवा श्री मानपदवी प्रदान गर्न सकिनेछ।

(२) जनसेवा श्री मानपदवी विभिन्न श्रेणीमा वर्गीकरण गर्न सकिनेछ।

(३) जनसेवा श्री मानपदवी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **मानपदवीको श्रेणी विभाजन र मण्डन** : (१) दफा १५ को उपदफा (१) को खण्ड (ङ) र (च) को मानपदवी बाहेक अन्य मानपदवीको श्रेणी विभाजन हुने छैन।

(२) मानपदवीको मण्डन, प्रालम्बिका र पट्टाको विवरण तथा नाप तोकिए बमोजिम हुनेछ।

२३. **मानपदवी प्रदान गरिने अधिकतम संख्या** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक राष्ट्रिय दिवसमा बढीमा बिस जनासम्मलाई मानपदवी प्रदान गर्न सकिनेछ।

## परिच्छेद - ४

## अलङ्कार

२४. **अलङ्कार प्रदान गरिने** : (१) कुनै राष्ट्रसेवकले आफ्नो कर्तव्य पालनाको सिलसिलामा वा कुनै व्यक्तिले आफूखुसी कुनै असाधारण बहादुरीपूर्ण काम गरेको वा विपद व्यवस्थापनका बखत राष्ट्रसेवकले वा अन्य कुनै व्यक्तिले बुद्धिमतापूर्वक वा बहादुरीपूर्ण रुपमा जोखिम व्यवस्थापन गरेकोमा त्यस्तो राष्ट्रसेवक वा व्यक्तिलाई अलङ्कार प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहायका अलङ्कार नेपाली सेनाका अधिकृत, पदीक वा जवानलाई दिन सकिनेछ।

(क) परम पौरख भाष्कर,

(ख) अति पौरख भाष्कर,

(ग) महा पौरख भाष्कर ।

(३) उपदफा (१) बमोजिम अलङ्कार प्रदान गर्दा देहायको अलङ्कार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालका अधिकृत वा जवान वा राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीलाई प्रदान गर्न सकिनेछ।

(क) नेपाल प्रताप सुभूषण,

(ख) नेपाल प्रताप आभूषण,

(ग) नेपाल प्रताप भूषण ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अलङ्कार जुनसुकै व्यक्ति वा संस्थालाई प्रदान गर्न सकिनेछ :-

(क) राष्ट्र यशोबर्द्धक,

(ख) नेपाल सेवा प्रवीण,

(ग) समाज सेवा रत्न ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अलङ्कार प्रदान गर्दा प्रत्येक वर्ष प्रत्येक अलङ्कार तीन जना सम्म व्यक्ति वा संस्थालाई प्रदान गर्न सकिनेछ।

२५. **अलङ्कारको मर्यादाक्रम :** (१) दफा २४ बमोजिम प्रदान गरिने अलङ्कारको मर्यादाक्रम देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्र यशोबर्द्धक,

(ख) परम पौरख भाष्कर,

(ग) नेपाल प्रताप सुभूषण,

(घ) नेपाल सेवा प्रवीण,

(ङ) अति पौरख भाष्कर,

(च) नेपाल प्रताप आभूषण,

(छ) समाज सेवा रत्न,

(ज) महा पौरख भाष्कर,

(झ) नेपाल प्रताप भूषण ।

(२) मानपदवी र अलङ्कारको मर्यादाक्रम कायम गर्नुपर्दा मानपदवीको मर्यादाक्रम अलङ्कारभन्दा माथि हुनेछ ।

(३) अलङ्कार वितरण गर्दा नेपाली सेनाका अधिकृत, पदीक वा जवान भए रक्षा मन्त्रीले, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल, नेपालका अधिकृत वा जवान वा अन्य सर्वसाधारण व्यक्ति भए गृहमन्त्रीले सम्बन्धित व्यक्तिलाई पहिराई प्रदान गर्नुपर्नेछ।

२६. **अलङ्कार लगाउने क्रम** : (१) कुनै व्यक्तिले एकभन्दा बढी अलङ्कार प्राप्त गरेको भए त्यस्तो व्यक्तिले आफूले पाएका अलङ्कार लगाउँदा मर्यादाक्रम अनुसार दाहिनेबाट देब्रेतर्फ लगाउनु पर्नेछ ।

(२) अलङ्कार, त्यसको स्वल्पाकार वा पट्टिका र विदेशी राज्यबाट प्राप्त विभूषण वा तिनको स्वल्पाकार, पट्टिका एकैसाथ लगाउनु परेमा अलङ्कार, त्यसको स्वल्पाकार वा पट्टिका विदेशी राज्यबाट प्राप्त विभूषण वा त्यसको स्वल्पाकार वा पट्टिकाभन्दा दाहिनेतर्फ लगाउनु पर्नेछ।

(३) विदेशी राज्यबाट पाएका एकभन्दा बढी अलङ्कार लगाउँदा पाएको मितिको क्रमानुसार लगाउनु पर्नेछ ।

२७. **अलङ्कार दोहोरिएमा खुकुरी थप्ने** : एकपटक कुनै अलङ्कार प्राप्त गरेको व्यक्तिले सोही अलङ्कार अर्कोपटक प्राप्त गरेमा निजले पहिले प्राप्त गरेको अलङ्कारको पट्टिकामा प्रत्येकपटकको निमित्त सोही अलङ्कार बनेको धातुका तोकिए बमोजिमका एक एकवटा खुकुरी थप गर्नु पर्नेछ।

## परिच्छेद-५

## पदक

२८. **पदक, त्यसको मर्यादाक्रम र संख्या** : (१) कुनै पनि व्यक्ति वा संस्थालाई तोकिएको आधारमा पदक प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गर्न सकिने पदक र त्यसको मर्यादाक्रम देहाय बमोजिम हुनेछ :-

(क) लोक श्री पदक,

(ख) राष्ट्र सेवा पदक,

(ग) सत्कार्य पदक,

(घ) समाज सेवा पदक,

(ङ) शिक्षा ज्योति पदक,

(च) सुकीर्ति पदक,

(छ) वीरता पदक,

(ज) शौर्य पदक,

(झ) विपद पीडितोद्धार पदक,

(ञ) विकास रत्न पदक,

(ट) शान्ति पदक,

(ठ) विज्ञान प्रवीण पदक ।

(३) उपदफा (१) बमोजिम पदक प्रदान गर्दा प्रत्येक वर्ष प्रत्येक पदक बढीमा चारजनासम्मलाई प्रदान गर्न सकिनेछ।

(४) अलङ्कार र पदकको मर्यादाक्रम कायम गर्दा अलङ्कारको मर्यादाक्रम माथिल्लो हुनेछ ।

(५) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उल्लेखनीय रुपमा विपद प्रतिकारी कार्य सम्पादन गर्ने कुनै व्यक्ति वा संस्थालाई विपद पीडितोद्धार पदक वा अन्तर्राष्ट्रिय शान्ति कायम गर्ने, काम गर्ने व्यक्ति वा संस्थालाई शान्ति पदक प्रदान गर्न उपदफा (३) बमोजिमको सीमा लागू हुने छैन र त्यस्तो पदक दफा १२ को उपदफा (१) को दिन बाहेक अन्य जुनसुकै बखत र जतिसुकै संख्यामा प्रदान गरी जुनसुकै बखत सुशोभन समारोह आयोजना हुन सक्नेछ।

(६) पदक वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **पुनः पदक पाएमा थपिने चिन्ह** : दफा २८ बमोजिम एकपटक कुनै पदक प्राप्त गरिसकेको व्यक्तिले पुनः सोही पदक प्राप्त गरेमा प्रत्येक पटकको निम्ति पहिलोपटक पाएको पट्टिकामा एक सेन्टिमिटर लामो पहिलोपटक कास्य, दोस्रोपटक ताम्र, तेस्रोपटक रजत र चौथोपटक स्वर्णको तोकिए बमोजिमको एक एक खुकुरी थप गर्नु पर्नेछ ।

३०. **पदक लगाउने क्रम** : (१) एकभन्दा बढी पदक पाउने व्यक्तिले आफूले पाएको पदक लगाउँदा मर्यादाक्रम अनुसार दाहिनेबाट देब्रेतर्फ लगाउनु पर्नेछ ।

(२) यस दफा बमोजिम प्राप्त पदक, त्यसको स्वल्पाकार वा पट्टिका र विदेशी राज्यबाट प्राप्त विभूषण, त्यसको स्वल्पाकार वा पट्टिका एकैसाथ लगाउन परेमा पदक, त्यसको स्वल्पाकार वा पट्टिका विदेशी राज्यबाट प्राप्त विभूषण, त्यसको स्वल्पाकार वा पट्टिकाभन्दा दाहिने तर्फबाट लगाउनु पर्नेछ ।

## परिच्छेद-६

## उपाधि तथा सम्मान

३१. **उपाधि प्रदान गर्ने** : (१) राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिशमा तोकिएको मापदण्ड पूरा गरेको कुनै पनि नेपाली नागरिकलाई राज्यको तर्फबाट तोकिएको उपाधि प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपाधि प्रदान गरिएको व्यक्तिलाई राष्ट्रपतिबाट हस्ताक्षर भएको सनदपत्र जारी गरिनेछ।

(३) उपदफा (१) बमोजिमको उपाधि प्राप्त गरेको व्यक्तिले आफ्नो नामको अगाडि त्यस्तो उपाधि प्रयोग गर्न सक्नेछ।

३२. **सम्मान प्रदान गर्ने** : राष्ट्रपतिले मन्त्रिपरिषदको सिफारिशमा राज्यको तर्फबाट तोकिएको आधारमा कुनै पनि नेपाली नागरिकलाई तोकिए बमोजिमको सम्मान प्रदान गर्न सक्नेछ।

## परिच्छेद-७

## विभूषित व्यक्तिले प्राप्त गर्ने सुविधा

३३. **नेपाल रत्नबाट विभूषित हुने व्यक्तिले प्राप्त गर्ने सुविधा** : (१) नेपाल रत्न राज्यको तर्फबाट नेपाली नागरिकलाई प्रदान गरिने सर्वोच्च र सम्मानित विभूषण हुनेछ।

(२) नेपाल रत्नबाट विभूषित हुने व्यक्तिलाई देहायका सुविधा प्रदान गर्नु पर्नेछ :-

(क) औपचारिक समारोहमा निजले नेपाल सरकारको बहालवाला मन्त्री सरहको मर्यादाक्रममा स्थान वा त्यस्तो स्थानमा आसन ग्रहण गर्न पाउनेछ।

(ख) सार्वजनिक निकायले नागरिकलाई प्रदान गर्ने कुनै सार्वजनिक सेवा प्रदान गर्दा निजलाई पहिलो प्राथमिकता दिई प्रदान गर्नु पर्नेछ।

(ग) निज आफै विरामी भई निजले सरकारी अस्पतालमा स्वास्थ्योपचार गर्दा तोकिएको रकमसम्मको उपचार खर्च नेपाल सरकारले व्यहोर्नेछ।

(घ) निजले विदेश भ्रमण गर्दा कूटनीतिक राहदानी लिन चाहेमा नेपाल सरकारले त्यस्तो राहदानी उपलब्ध गराउनु पर्नेछ।

(ङ) निजले हवाई परिवहन मार्फत स्वदेश वा विदेशमा यात्रा गर्दा आन्तरिक वा अन्तर्राष्ट्रिय विमानस्थलमा उपलव्ध विशिष्ट व्यक्तिको लागी व्यवस्था भएको कक्ष (भि. आई. पी. लाउन्ज) निज एकजनालाई विना शुल्क उपलव्ध गराउनु पर्नेछ।

(च) आन्तरिक हवाई उडानमा सरकारी प्रयोजनका लागि कुनै स्थान आरक्षण गरिएको रहेछ भने त्यस्तो स्थानमा स्थानीय प्रशासनले हवाई टिकटको मूल्य निजबाट नै भुक्तानी हुनेगरि निजलाई प्राथमिकता दिई उपलव्ध गराउनु पर्नेछ।

(छ) सरकारी निकायबाट निजको नाम संवोधन गर्दा नामको अगाडी "नेपाल रत्न" शव्दावली जोडी संवोधन गर्न सकिनेछ।

(ज) निजको देहावसान भएमा तोकिए बमोजिमको सम्मान सहित अन्तिम संस्कार गर्नु पर्नेछ।

३४. **सगरमाथा सम्मान विभूषणबाट विभूषित हुने व्यक्तिले पाउने सुविधा** : (१) सगरमाथा सम्मान विभूषण नेपाल राज्यका तर्फबाट विदेशी राज्यका पदाधिकारी वा नागरिकलाई प्रदान गरिने सर्वोच्च र सम्मानित विभूषण हुनेछ।

(२) सगरमाथा सम्मान विभूषणबाट विभूषित हुने विदेशी राज्यका पदाधिकारी वा नागरिकलाई देहायको सुविधा प्रदान गर्नु पर्नेछ :-

(क) नेपाल सरकारले निजलाई नेपाल प्रवेश गर्दा निःशुल्क प्रवेशाज्ञा (ग्राटिस भिसा) जारी गर्नेछ।

(ख) निजले नेपाल भ्रमण गरेमा नेपाल सरकारले एक आर्थिक वर्षमा नेपालमा रहदा सात दिनसम्म निजको होटेल खर्च व्यहोर्नेछ।

(ग) निजको मंजुरी लिई निजलाई नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सम्बन्धित अधिकारीलाई सिफारिश गर्न सकिनेछ।

(घ) निजले नेपालमा नै स्थायी बसोबास गर्न चाहेमा निज र निजको पति वा पत्नीलाई निःशुल्क आवासीय अनुमति (रेजिडेन्सीयल भिसा) दिन सकिनेछ।

(ङ) निजको नेपाल भित्र नै देहावसान भई नेपालमा नै अन्तिम संस्कार गर्नु परेमा तोकिए बमोजिम सम्मान सहित अन्तिम संस्कार गर्नु पर्नेछ।

**परिच्छेद-८**

## कसूर तथा सजाय

**३५. कसूर तथा सजाय :** (१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको
मानिनेछ :-

(क) यस ऐन बमोजिम प्रदान भएको कुनै विभूषण, अलङ्कार वा पदक नष्ट गरेमा, जलाएमा, स्वरुप विगारी कुरुप बनाएमा,

(ख) यस ऐन बमोजिम प्रदान नगरिएको व्यक्तिले अन्य व्यक्तिको विभूषण लगाई सार्वजनिक समारोहमा उपस्थित भएमा,

(ग) यस ऐन बमोजिम प्रदान गरिने विभूषणलाई घृणा वा अपमान गर्ने नियतले सार्वजनिक नैतिकता, शिष्टाचार वा सदाचारको दृष्टिकोणले प्रयोग गर्न नहुने ठाँउ, वस्तु वा अवस्थामा विभूषणको प्रयोग गरेमा,

(घ) दफा ४१ विपरीत नेपाल सरकारको स्वीकृति नलिई विदेशी मुलुकको मानपदवी स्वीकार गरेमा,

(ङ) दफा ३९ विपरीतको कुनै काम गरेमा,

(च) दफा ४० को उपदफा (१) विपरीत विभूषणको प्रयोग गरेमा, वा

(छ) दफा ४० को उपदफा (२) वा ४३ को उपदफा (२) बमोजिम विभूषण फिर्ता नगरेमा।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर भएमा तीन महिना सम्म कैद वा तीस हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय र खण्ड (क) बाहेकका अन्य कसूर भएमा पन्ध्र हजार रुपैंयासम्म जरिवाना हुनेछ र दफा ४१ विपरीत विदेशी मुलुकको विभूषण प्राप्त गरेको भए जफत पनि हुनेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम कसूर गरेको कारणले कुनै विभूषण नष्ट भएको, जलेको, स्वरुप विग्रिएको वा कुरुप भएको रहेछ भने त्यस्तो विभूषणको बजारमूल्य बराबरको रकम शोधभर्ना गर्न दफा ३७ बमोजिमको अधिकारीले आदेश दिन सक्नेछ।

३६. **सरकारवादी हुने :** (१) यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकारवादी भै चलाईनेछ र त्यस्तो कसूर सम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरको अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतले उपस्थित हुन तोकेको वा सूचना दिएको समयमा उपस्थित हुने गरी सम्बन्धित व्यक्तिले अनुसन्धान अधिकृत समक्ष लिखित सहमति व्यक्त गरेमा निजले हिरासतमा बस्नुपर्ने छैन।

३७. **मुद्दा हेर्ने अधिकारी :** (१) दफा ३५ उपदफा (१) बमोजिमको कसूर सम्बन्धी मुद्दाको कारवाई, सुनुवाई र किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद-९

## विविध

३८. **सूचना दिनुपर्ने** : (१) विपद परेको वा अन्य जुनसुकै कारणले कुनै व्यक्तिले आफूले प्राप्त गरेको विभूषणको प्रतीक वा सनदपत्र हराएमा वा नष्ट भएमा निजले मन्त्रालयमा वा तोकिए बमोजिमको अधिकारी समक्ष त्यसको सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएमा तोकिए बमोजिम छानविन गर्दा त्यसरी हराएको वा नष्ट भएको प्रमाणित भएमा मन्त्रालयले अर्को सनदपत्र जारी गर्ने व्यवस्था गर्नेछ।

(३) उपदफा (२) बमोजिम सनदपत्र जारी भएमा निजले त्यस्तो विभूषण प्राप्त गरेको मानिनेछ।

३९. **विभूषण प्रचलनमा ल्याउन नपाइने** : यस ऐन बमोजिम प्रदान गर्ने विभूषण जस्तै नाम, आकार, बनोट र आकृति कायम गरी कुनै संस्था वा व्यक्तिले कुनै विभूषण तयार वा बिक्री वितरण गर्न वा कसैलाई दिन सक्ने छैन ।

४०. **विभूषणको प्रयोगमा बन्देज** :(१) यस ऐन बमोजिम कुनै संस्थालाई प्रदान गरिएको विभूषण त्यस्तो संस्थाको केन्द्रीय कार्यालयमा रहनेछ र त्यस्तो विभूषण कुनै व्यक्ति वा पदाधिकारीले प्रयोग गर्न पाउने छैन।

तर राष्ट्रपतिले सुशोभन समारोहमा त्यस्तो संस्थालाई प्रदान भएको विभूषण त्यसको प्रमुख पदाधिकारीलाई वितरण गर्नु पर्नेछ।

(२) विभूषण पाउने संस्था खारेज वा विघटन भएमा तोकिएको अवधिभित्र त्यस्तो विभूषण, प्रतीक समूह र सनदपत्र मन्त्रालयमा फिर्ता बुझाउनु पर्नेछ।

४१. **विदेशी मुलुकको विभूषण ग्रहण गर्न स्वीकृति लिनु पर्ने** : (१) कुनै नेपाली नागरिकले विदेशी सरकारबाट प्रदान गरिने कुनै उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नु अघि समिति मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारको स्वीकृति नलिई कुनै विदेशी सरकारको विभूषण, उपाधि वा सम्मान ग्रहण गरेको रहेछ भने त्यस्तो उपाधि, सम्मान वा विभूषण नेपालभित्र मान्य हुने छैन र नेपालभित्र आयोजना हुने सार्वजनिक समारोहमा प्रयोग गर्न सकिने छैन।

(३) उपदफा (१) बमोजिम स्वीकृत प्राप्त गर्नका लागि त्यस्तो उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नु अघि तोकिए बमोजिम नेपाल सरकारको स्वीकृतिको लागि तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन सम्बन्धित नेपाली दूताबास वा जिल्ला प्रशासन कार्यालय मार्फत पनि दिन सकिनेछ र त्यसरी प्राप्त भएको निवेदन नेपाली दूतावास वा जिल्ला प्रशासन कार्यलयले यथाशिघ्र गृह मन्त्रायमा पठाउनुपर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम प्राप्त निवेदन उपर तोकिए बमोजिम छानविन गर्दा निवेदकलाई विदेशी मुलुकबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नको लागि स्वीकृति दिन समितिले उपयुक्त देखेमा स्वीकृति दिने नेपाल सरकारलाई सिफारिश गर्नेछ र नेपाल सरकारबाट स्वीकृति भएमा त्यसको जानकारी यथाशीघ्र निवेदकलाई स्वीकृति दिनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नेपाली नागरिकलाई विदेशी मुलुकबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नको लागि स्वीकृति दिईने छैन :-

(क) प्रचलित कानून बमोजिम नेपाल राज्य विरुद्धको कसूर वा शत्रु राज्यलाई कुनै प्रकारबाट सहायता गरेको वा नेपाल विरुद्ध जासूसी गरेको कसूरमा सजाय पाएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, संगठित अपराध, अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) खण्ड (क) वा (ख) मा उल्लेख भएकोमा बाहेक कुनै फौजदारी कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको,

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले पाँच वर्ष पूरा नभएको,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) बाहेक अन्य कुनै फौजदारी कसूर बापत कैदमा बसेकोमा कैद बसेको अवधि भुक्तान नभएको,

तर कैद भुक्तान भएपछि स्वीकृति दिन बाधा पर्ने छैन।

(७) यस दफा बमोजिम स्वीकृति प्राप्त गरी उपाधि, सम्मान वा विभूषण प्राप्त गरेकोमा त्यसको जानकारी तोकिए बमोजिमको ढाँचामा मन्त्रालयले सम्बन्धित व्यक्तिलाई मन्त्रालय वा सम्बन्धित नेपाली दूतावास वा जिल्ला प्रशासन कार्यालय मार्फत दिनु पर्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार पक्ष भएको कुनै द्विपक्षीय वा बहुपक्षीय सन्धि बमोजिम कुनै विदेशी मुलुकको सरकारी सेवामा रहेका वा नेपाल सरकारको अनुमति लिई वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकले कुनै विदेशी सरकारको उपाधि, सम्मान वा विभूषण प्राप्त गर्न सक्ने गरी नेपाल सरकारले आवश्यक प्रवन्ध गर्न सक्नेछ र त्यस्तो प्रवन्ध भएकोमा त्यस्तो नेपाली नागरिकले यस ऐन बमोजिम स्वीकृति प्राप्त गरेको मानिनेछ।

४२. **विभूषण रद्द गर्न सकिने** : (१) यस ऐन बमोजिम कुनै मानपदवीबाट विभूषित भएको वा उपाधि वा सम्मान प्राप्त गरेको कुनै नेपाली नागरिकले यो ऐन प्रारम्भ भएपछि देहायको कुनै काम गरेको ठहरिएमा निजले प्राप्त गरेको मानपदवी वा उपाधि राष्ट्रपतिले नेपाल सरकार, मन्त्रिपरिषदको सिफारिश बमोजिम रद्द गर्न सक्नेछः-

(क) नेपालका विरुद्ध हातहतियार उठाएमा वा उठाउने कुचेष्टा गरेमा वा शत्रु राज्यलाई कुनै प्रकारबाट सहायता गरेमा वा नेपाल विरुद्ध जासुसी गरेको,

(ख) नेपालले समेत भाग लिएको युद्धको समयमा नेपालको शत्रु राज्यको तर्फबाट युद्धमा भाग लिएको,

(ग) आफूले प्राप्त गरेको विभूषण कसैलाई विक्री गरेमा वा धितो वा बन्धकमा राखेको,

(घ) भ्रष्टाचार, जवर्जस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ती शुध्दीकरण, राहदानी दुरूपयोग,

संगठित अपराध, अपहरण वा शरीर बन्धक लिएको वा कीर्ते वा जालसाजी कसूरमा अदालतबाट कसूरदार ठहर भएको,

(ङ) खण्ड (घ) मा लेखिए बाहेक अन्य कुनै फौजदारी कसूरमा वीस बर्ष वा सो भन्दा बढी कैद सजाय पाएको।

(२) उपदफा (१) बमोजिम कुनै मानपदवी रद्द गरेकोमा त्यसरी रद्द भएको एक महिना भित्र सम्बन्धित व्यक्तिले सम्बन्धित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय वा नेपाली राजदूतावास मार्फत वा महावाणिज्यदूतावास मार्फत मन्त्रालयलाई फिर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै मानपदवी वा उपाधि रद्द गरिएमा नेपाल सरकारले त्यसरी रद्द गरिएको विवरण खुलाई सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) विभूषण रद्द हुने अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

४३. **मानपदवी फिर्ता गर्नु पर्ने** :(१) यस ऐन बमोजिम एक पटक एक श्रेणीको मानपदवी प्राप्त गरेको व्यक्तिले सो श्रेणी भन्दा माथिल्लो मर्यादाक्रमको मानपदवी प्राप्त गरेमा निजले पहिले पाएको मानपदवीको प्रतीक समूह माथिल्लो मर्यादाक्रमको मानपदवीको सुशोभन समारोह हुने दिन भन्दा कम्तिमा पाँच दिन अगावै मन्त्रालयमा फिर्ता गर्नु पर्ने पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतीक समूह फिर्ता नगरेमा माथिल्लो मर्यादाक्रको मानपदवीको सुशोभन गरिने वा मानपदवी प्रदान गरिने छैन ।

४४. **विभूषण स्वेच्छाले फिर्ता गर्न सक्ने** : (१) दफा १५ को उपदफा (१) बमोजिम प्राप्त गरेको कुनै पनि विभूषण त्यस्तो व्यक्ति वा निजको हकवालाले स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो विभूषणको प्रतीक समूह मन्त्रालयलाई फिर्ता बुझाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विभूषण फिर्ता बुझाउने व्यक्तिलाई मन्त्रालयले तोकिए बमोजिमको रकम उपदान स्वरुप उपलब्ध गराउनु पर्नेछ।

४५. **वृत्ति विकासको आधार बनाउन नहुने :** यस ऐन बमोजिम प्राप्त गरेको विभूषणलाई नेपाल वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै सार्वजनिक

संस्थाको सेवामा रहेका कुनै पनि सेवाका कर्मचारीको वृत्ति विकास र बढुवाको प्रयोजनका लागि मूल्याङ्कनको आधार बनाउन सकिने छैन ।

४६. **थप सजाय हुने** : यस ऐन बमोजिम मानपदवी पाएको व्यक्तिले दफा ४१ को उपदफा (१) बमोजिमको कुनै कसूर गरेमा प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिलाई थप सजाय हुने व्यवस्था रहेछ भने त्यस्तो थप सजाय समेत हुनेछ।

४७. **विभूषणको लागि सिफारिश गर्न नहुने** : (१) यस ऐन बमोजिम विभूषण प्रदान गर्न सिफारिश गर्न अधिकार भएका अधिकारी वा समितिका सदस्यले विभूषण सिफारिश गर्दा आफू वा आफ्नो स्वार्थ भएको व्यक्तिलाई विभूषणको लागि सिफारिश गर्नु वा गराउनु हुँदैन ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "स्वार्थ भएको व्यक्ति" भन्नाले प्रचलित कानून बमोजिम नजिकको नातेदार संझनु पर्छ र सो शब्दले निजको कुनै किसिमको निजी वा वैयक्तिक स्वार्थ रहेको व्यक्ति संझनु पर्छ।

(२) कुनै पनि व्यक्तिलाई यस ऐन बमोजिम विभूषण वा उपाधिका लागि सिफारिश गर्नु अघि समितिका प्रत्येक सदस्यले स्वार्थ भएको व्यक्तिलाई सिफारिश नगरेको व्यहोराको तोकिए बमोजिमको ढाँचामा उदघोषण गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम स्वार्थ भएको कुनै व्यक्तिलाई सिफारिश गर्नुपर्ने भएमा जुन सदस्यको नातेदार सिफारिश हुन समितिको वैठकमा पेश भएको छ त्यस्तो सदस्यले सो विषयमा छलफल गर्न र निर्णयमा भाग लिन सक्ने छैन।

(४) उपदफा (१) विपरीत कसैले कसैलाई विभूषण सिफारिश गरेको र त्यसको आधारमा विभूषण प्रदान गरिएको प्रमाणित भएमा त्यस्तो विभूषण प्राप्त गर्ने व्यक्तिलाई सुशोभन समारोहमा सुशोभन गरिने र विभूषण प्रदान गरिने छैन ।

४८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४९. **खारेजी** : (१) विभूषण ऐन, २०६४ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको ऐन बहाल रहँदाका बखत सो बमोजिम प्रदान गरिएको विभूषण यसै ऐन बमोजिम प्रदान गरिएको मानिनेछ।

## (३) नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न वान्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "नेपाल कानून व्याख्या सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ मा संशोधन**: नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) मा रहेको "फौजदारी या देवानी कसूरको प्रसङ्गमा" भन्ने शब्दहरुका सट्टा "फौजदारी कसूर वा देवानी अपकार्य (सिभिल रङ्ग) को प्रसङ्गमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) ऐन- यो शब्दले ऐन, सवाल र तिनमा लेखिएको कुनै कुरा वा ऐन सरहका अन्य व्यवस्थालाई जनाउँछ ।"

(३) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) "आमा" भन्नाले कानून बमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्न पाउनेमा सो राख्ने आमा समेतलाई जनाउँछ ।

(४) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) "बेइमानी" भन्नाले आफू वा अरु कसैलाई गैर कानूनी लाभ वा फाइदा पुऱ्याउने वा कसैलाई हानि नोक्सानी पुऱ्याउने नियतले गरिएको काम सम्झनु पर्छ ।"

(५) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) " नेपाल सरकार" भन्नाले,-

(१) नेपाल अन्तरिम शासन विधान, २००७ प्रारम्भ भएदेखि संवत २०४७ साल कार्तिक २२ गतेसम्म गरिएको वा गर्नुपर्ने कुनै कामका सम्बन्धमा तत्काल कायम रहेको संविधान बमोजिम मन्त्रीमण्डल वा मन्त्रिपरिषद कायम रहेको अवस्थामा मन्त्रीमण्डल, मन्त्रिपरिषद वा

मन्त्रीहरुको सल्लाह वा सिफारिस बमोजिम वा मन्त्रीमण्डल वा मन्त्रिपरिषद कायम नरहेको अवस्थामा मन्त्रिपरिषदका सदस्यहरुको सल्लाह बमोजिम वा कुनै खास विषयमा प्रधानमन्त्रीबाट अख्तियार पाएको मन्त्रीको सिफारिस बमोजिम र मन्त्रिमण्डल वा मन्त्रिपरिषद कायम नरहेको वा संकटकालीन अवस्थामा तत्काल कायम रहेको संविधान, शाही विशेषाधिकार, संवैधानिक परम्परा वा कानून बमोजिम नेपालको कार्यकारीणी अधिकार प्रयोग गर्ने तत्कालीन राजालाई,

(२) संवत २०४७ साल कार्तिक २३ गतेदेखि २०६३ साल जेठ ३ गतेसम्म गरिएको वा गर्नुपर्ने कुनै कामका सम्बन्धमा तत्काल कायम रहेको संविधान र अन्य कानून बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने तत्कालीन राजा र मन्त्रिपरिषदलाई,

(३) संवत २०६३ साल जेठ ४ गते देखि २०७२ साल असोज २ गते सम्म गरिएको वा गर्नुपर्ने कुनै कामका सम्बन्धमा तत्काल कायम रहेको संविधान, अन्य कानून वा संवैधानिक अभ्यास बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने तत्कालीन मन्त्रिपरिषदलाई, र

(४) संवत २०७२ साल असोज ३ गते देखि गरिएको वा गरिनुपर्ने कुनै कामका सम्बन्धमा नेपालको संविधान र अन्य कानून बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदलाई सम्झनु पर्छ ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि "राजा" भन्नाले खण्ड (ञ) मा परिभाषित राजा सम्झनु पर्छ ।"

(६) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) संवत २०६३ साल माघ १ गते भन्दा अघि बनेका कानून वा संवैधानिक अभ्यास वा परम्पराका सम्वन्धमा प्रयोग भएका "श्री ५" वा "श्री ५ महाराजाधिराज" भन्नाले तत्काल कायम रहेको संविधान बमोजिम अधिकार प्रयोग गर्ने तत्कालीन गद्दीनसीन राजा सम्झनु पर्छ र सो शब्दले तत्काल प्रचलित संविधान, संवैधानिक अभ्यास वा परम्परा वा कानून बमोजिम बनेको राजकीय परिषद, राजाको

अधिकार प्रयोग गर्ने तत्कालीन युवराज, राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद, राज्य सहायक वा राज्य सहायक परिषद वा त्यस्तो अधिकार प्रयोग गर्ने कुनै व्यक्ति समेतलाई जनाउँछ।"

(७) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :-

"(ट१) "संविधान" भन्नाले सम्वत २०७२ साल आश्विन ३ गते देखि प्रारम्भ भएको नेपालको संविधान सम्झनु पर्छ।"

(८) खण्ड (ठ) मा रहेको "जुनसुकै" भन्ने शब्द झिकिएको छ।

(९) खण्ड (ड) पछि देहायका खण्ड (ड१), (ड२) र (ड३) थपिएका छन्:-

"(ड१) "संघीय कानून" भन्नाले संघले बनाएको कानून सम्झनु पर्छ र सो शब्दले संवत २०७४ साल जेठ १ गते भन्दा अघि बनिसकेका वा कायम रहेको नेपाल कानून समेतलाई जनाउँछ।

(ड२) "प्रदेश कानून" भन्नाले प्रदेशले बनाएको कानून सम्झनु पर्छ।

(ड३) "स्थानीय कानून" भन्नाले स्थानीय तहले बनाएको कानून सम्झनु पर्छ।"

(१०) खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छः-

"(ण१) "रुपैयाँ" भन्नाले नेपाल सरकारको जमानतमा नेपाल राष्ट्र बैंकले निष्कासन गरी चलन चल्तीमा ल्याएको नेपाली मुद्राको इकाइ सम्झनु पर्छ।"

(११) खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-

(थ१) "कैद" भन्नाले कारागारमा बसेको वा बस्नु पर्ने अवस्था सम्झनु पर्छ।"

(१२) खण्ड (ध) मा रहेको "संयुक्त" भन्ने शब्दको सट्टा "सङ्गठित" भन्ने शब्द राखिएको छ।

(१३) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छ :-

"(न) "तोकिएको" यो शब्दले कुनै ऐनमा "तोकिएको" भनी लेखिएकोमा त्यस्तो ऐन बमोजिम बनेका नियमहरु बमोजिम भएको सम्झनु पर्छ र सो शब्दले यो खण्ड प्रारम्भ हुनु अघि कायम रहेका "निर्धारित" वा "निर्धारित भएको" समेत जनाउछ।"

(१४) खण्ड (फ) मा रहेका “ऐनमा” वा “ऐनको” भन्ने शब्दहरुको सट्टा “ऐन वा नियमावलीमा” वा “ऐन वा नियमावलीको” भन्ने शब्दहरु राखिएका छन् ।

(१५) खण्ड (व) मा रहेका “नेपाली पञ्चांग अनुसार गनिने अर्थात” भन्ने शब्दहरु झिकिएका छन् ।

(१६) खण्ड (व) पछि देहायको खण्ड (श), (ष), (स), (ह) (क्ष) र (त्र) थपिएका छन्:-

“(श) “सार्वजनिक विदा” भन्नाले नेपाल भर वा कुनै प्रदेश वा स्थानीय तहमा विदा हुने गरी तोकेको दिन सम्झनु पर्छ ।

(ष) “कार्य दिन” भन्नाले सार्वजनिक विदा बाहेकको दिन सम्झनु पर्छ ।

(स) “दर्ता”, “दर्ता भएको” वा “रजिष्टर्ड” भन्नाले कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायले दर्ता गरेको वा त्यस्तो अधिकारी वा निकायमा दर्ता भएको वा रजिष्टर्ड भएको सम्झनु पर्छ ।

(ह) “नेपाल राजपत्र” भन्नाले नेपाल सरकारको अख्तियारी अन्तर्गत नेपाल सरकारले प्रकाशन गरेको राजपत्र सम्झनु पर्छ ।

(क्ष) “प्रदेश राजपत्र” भन्नाले सम्बन्धित प्रदेश सरकारको अख्तियारी अन्तर्गत त्यस्तो सरकारले प्रकाशन गरेको “प्रदेश राजपत्र” सम्झनु पर्छ ।”

(त्र) “स्थानीय राजपत्र” भन्नाले स्थानीय कार्यपालिकाको अख्तियारी अन्तर्गत त्यस्तो कार्यपालिकाले प्रकाशन गरेको “स्थानीय राजपत्र” सम्झनु पर्छ ।”

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

“**३. ऐनको प्रारम्भः** (१) कुनै नेपाल ऐन प्रारम्भ हुने दिन त्यस्तो ऐनमा नै उल्लेख भएकोमा सोही दिन देखि ऐन प्रारम्भ भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भ हुने दिन उल्लेख नभएकोमा संघीय ऐन भए देहायको दिनदेखि त्यस्तो ऐन प्रारम्भ भएको मानिनेछ :

(क) नेपालको अन्तरिम शासन विधान, २००७ प्रारम्भ भएपछि सवंत २०६३ साल जेठ ३ गतेसम्म तत्काल प्रचलित संविधान बमोजिम बनेका ऐन भए तत्कालीन राजाले स्वीकृत गरेको दिन,

(ख) संवत २०६३ साल जेठ ४ गते देखि २०६५ साल साउन ७ गतेसम्म तत्काल प्रचलित संविधान बमोजिम बनेको ऐन भए त्यस्तो संविधान बमोजिम प्रमाणिकरण गर्ने अधिकार प्राप्त सभामुखले प्रमाणिकरण गरेको दिन,

(ग) संवत २०६५ साल साउन ८ गते देखि संवत २०७४ साल फागुन २० गतेसम्म बनेको ऐन भए तत्काल प्रचलित संविधान बमोजिम व्यवस्थापिका-संसदबाट पारित भई राष्ट्रपतिले प्रमाणिकरण गरेको दिन,

(घ) संवत २०७४ साल फागुन २१ गते देखि नेपालको संविधान बमोजिम बनेको ऐन भए संघीय संसदबाट पारित भई राष्ट्रपतिले प्रमाणिकरण गरेको दिन,

(ङ) यो दफा प्रारम्भ भए पछि नेपालको संविधान बमोजिम बनेको संघीय ऐनमा प्रारम्भ हुने दिन उल्लेख भएकोमा सोही दिन र उल्लेख नभएकोमा वा तुरुन्त प्रारम्भ हुने उल्लेख भएकोमा प्रमाणिकरण भएको दिनबाट एक्काइसौं दिन ।

(३) उपदफा (१) बमोजिम प्रारम्भ हुने दिन उल्लेख नभएकोमा प्रदेश ऐन वा स्थानीय तहले बनाएको ऐन भए देहायको दिन देखि प्रारम्भ भएको मानिनेछः

(क) प्रदेशले बनाएको कुनै ऐनमा त्यस्तो ऐन प्रारम्भ हुने दिन नलेखिएकोमा त्यस्तो ऐन प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखले प्रमाणिकरण गरेको दिन,

(ख) स्थानीय तहले बनाएको ऐनमा त्यस्तो ऐन प्रारम्भ हुने दिन नलेखिएकोमा त्यस्तो ऐन कानून बमोजिम सम्बन्धित स्थानीय तहबाट पारित भई प्रमाणिकरण भएको दिन,

(ग) खण्ड (क) वा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ भएपछि प्रदेश ऐन वा स्थानीय तहले बनाएको ऐनमा त्यस्तो ऐन प्रारम्भ हुने दिन नलेखिएकोमा वा तुरुन्त प्रारम्भ हुने उल्लेख भएकोमा सोही खण्ड बमोजिम प्रमाणिकरण भएको दिनबाट एक्काइसौं दिन ।”

४. **मूल ऐनमा दफा ३क थप**: मूल ऐनको दफा ३ पछि देहायको दफा ३क . थपिएको छः-

"**३क.** **दण्ड सजाय नहुने**: दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो ऐन नेपाल राजपत्र, प्रदेश राजपत्र वा स्थानीय राजपत्रमा प्रकाशन हुनु अघि नै गरिसकेको वा नगरेको कुनै दण्डनीय काम बापत त्यस्तो ऐन बमोजिम दण्ड सजाय हुने छैन ।"

५. **मूल ऐनमा दफा ५क. थप**: मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

"**५क**. **संशोधन गर्ने ऐन अभिन्न अंग हुने**: कुनै नेपाल ऐन, प्रदेश ऐन वा स्थानीय ऐनले अर्को कुनै नेपाल ऐन, प्रदेश ऐन वा स्थानीय ऐनको व्यवस्था संशोधन गरेकोमा संशोधन गर्ने ऐनले संशोधन गरेको हदसम्म संशोधन गर्ने ऐन, संशोधित ऐनको अभिन्न अंग हुनेछ ।"

६. **मूल ऐनमा दफा ७क. थप**: मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"**७क**. **खारेज वा प्रतिस्थापन भएको ऐन कायम रहने**: कुनै नेपाल ऐन, प्रदेश ऐन वा स्थानीय ऐनले क्रमशः कुनै नेपाल ऐन, प्रदेश ऐन वा स्थानीय ऐनलाई पूर्ण वा आंशिक रुपमा खारेज गरेकोमा वा त्यसका कुनै प्रावधान प्रतिस्थापन गरेकोमा अर्कै अभिप्राय देखिएकोमा बाहेक त्यसरी खारेज वा प्रतिस्थापन गर्ने ऐन प्रारम्भ नभएसम्म खारेज भएको वा प्रतिस्थापन भएको ऐन वा त्यसका प्रावधान कायम रहने छन् ।"

७. **मूल ऐनको दफा ९ मा संशोधन**: मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"**९.** **समयको गणना**: कुनै नेपाल कानून बमोजिम कुनै काम वा कारबाई गर्न कुनै अड्डा, अदालत वा सार्वजनिक निकायलाई कुनै खास दिन वा मिति तोकिएको रहेछ र त्यस्तो दिन, मिति वा अवधिको अन्तिम दिन सार्वजनिक विदा भएको कारणले अड्डा, अदालत वा सार्वजनिक निकाय बन्द भएको रहेछ भने त्यस्तो निकाय खुलेको पहिलो कार्य दिन सम्म त्यस्तो कुनै काम गर्न अन्तिम दिन वा मिति कायम रहेको मानिनेछ ।"

८. **मूल ऐनमा दफा ९क. थप**: मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. थपिएको छ:-

"**९क. समयको आधार**: (१) कुनै नेपाल कानून बमोजिम कुनै काम वा कारबाई कुनै खास घण्टा, मिनेट वा सेकेण्डको आधारमा गर्नु पर्ने भएकोमा अर्कै अभिप्राय देखिएकोमा बाहेक त्यस्तो काम वा कारबाई नेपालको प्रामाणिक समय ( स्टाण्डर्ड टाइम) बमोजिम गर्नु पर्ने गरी निर्धारण भएको मानिनेछ।

तर नेपाल बाहिर अन्य कुनै मुलुकमा गर्नु पर्ने काम वा कारबाई सोही मुलुकको प्रामाणिक समय बमोजिम गर्नु पर्नेछ।

(२) नेपाल सरकारले अन्यथा निर्धारण गरेकोमा बाहेक नेपालको प्रामाणिक समय (स्टाण्डर्ड टाइम) ग्रीनह्विच मिन समय भन्दा पाँच घण्टा पैतालीस मिनेट छिटो हुनेछ।"

९. **मूल ऐनमा दफा ११क. थप**: मूल ऐनको दफा ११ पछि देहायको दफा ११क. थपिएको छ:-

"**११क. प्रत्यायोजित विधायनको अधिकार**: (१) कुनै ऐनमा कुनै अधिकारीलाई कुनै प्रत्यायोजित विधायन बनाई लागू गर्ने अधिकार प्रत्यायोजन भएको रहेछ भने त्यस्तो अधिकारीले सोही ऐनमा प्रत्यायोजन भएको शर्त बमोजिम प्रत्यायोजित विधायन बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको प्रत्यायोजित विधायन सम्बन्धित ऐनको कार्यक्षेत्र र उद्देश्यमा सिमित रहेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार पुन: प्रत्यायोजन हुन सक्ने छैन।

(४) उपदफा (१) बमोजिमको अधिकार विना वा उपदफा (२) वा (३) को प्रतिकूल बनेको प्रत्यायोजित विधायन मान्य हुने छैन।"

१०. **मूल ऐनको दफा १२ मा संशोधन**: मूल ऐनको दफा १२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) एउटा लिङ्गलाई बुझाउने शब्दले अर्को लिङ्गलाई पनि बुझाउँछ।"

११. **मूल ऐनको दफा १५ मा संशोधन**: मूल ऐनको दफा १५ मा रहेका "यस किसिमको नियुक्ति मानिसका नामबाट वा ओहोदाका हैसियतबाट हुन सक्दछ।" भन्ने शब्दहरुका

सट्टा "त्यस्तो अधिकार पाएको अधिकारी वा व्यक्तिले त्यस्तो पदमा कसैलाई नियुक्ति गर्न, काममा खटाउन वा पुनर्नियुक्ति गर्न सक्दछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

१२. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को,

(१) दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राखिएको छः-

**"१६. नियुक्ति गर्ने अधिकारमा निलम्बन र बर्खास्त गर्ने अधिकार समेत हुनेः"**

(२) "नियुक्ति गरेको मानिसलाई सस्पेण्ड वा वर्खास्त गर्न पाउँछ ।" भन्ने शब्दहरुका सट्टा "नियुक्ति गरेको मानिसलाई निलम्बन गर्न, अवकाश दिन, हटाउन वा वर्खास्त गर्न सक्दछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **मूल ऐनमा दफा १६ख. थपः** मूल ऐनको दफा १६क. पछि देहायको दफा १६ख. थपिएको छः-

"**१६ख. कारबाई र किनारा गर्ने अधिकारमा प्रमाण बुझ्ने अधिकार समेत हुनेः** कुनै नेपाल ऐनले कुनै अधिकारीलाई कुनै विवाद वा मुद्दाको कारबाई र किनारा गर्ने अधिकार दिएकोमा अर्कै अभिप्राय नदेखिएमा त्यस्तो अधिकारीलाई त्यस्तो विवाद वा मुद्दामा म्याद जारी गर्ने, वयान वा वकपत्र गराउने, प्रमाण बुझ्ने, साक्षीको सपथ गराउने, अन्तर्कालीन आदेश जारी गर्ने र सुनुवाई गर्ने अधिकार समेत हुनेछ ।"

१४. **मूल ऐनको दफा १८ मा संशोधनः** मूल ऐनको दफा १८ को ठाउँ ठाउँमा रहेको "कर्पोरेशन" भन्ने शब्दको सट्टा "संगठित संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

१५. **मूल ऐनमा दफा १८क. थपः** मूल ऐनको दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"**१८क. बरिष्ठतम पदाधिकारी वा अधिकारीले कार्यसम्पादन गर्न सक्नेः** कानून बमोजिम कुनै संवैधानिक पदाधिकारी, विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद कुनै कारणले रिक्त भएमा अर्कै अभिप्राय नदेखिएमा त्यस्तो पदाधिकारी, विभागीय प्रमुख वा कार्यालय प्रमुखले सम्पादन गर्ने काम निजभन्दा लगत्तै पछिको बरिष्ठतम पदाधिकारी, अधिकृत वा कर्मचारीले सम्पादन गर्न सक्नेछ ।"

१६. **मूल ऐनको दफा २२ मा संशोधन**: मूल ऐनको दफा २२ मा रहेको "सो ऐन चालू नहुन्जेल लागू हुँदैनन्" भन्ने शब्दहरुको सट्टा "सो ऐन लागू नभएसम्म प्रभावकारी हुने छैनन्" भन्ने शब्दहरु राखिएका छन् ।

१७. **मूल ऐनको दफा २४ मा संशोधन**: मूल ऐनको दफा २४ को ठाउँ ठाउँमा रहेका "नयाँ बनेका" भन्ने शब्दहरुको सट्टा "खारेज गर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

१८. **मूल ऐनमा दफा २४क. थप**: मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थपिएको छः-

"**२४क. प्रत्यायोजित विधायन संशोधन गर्न सकिने**: कुनै नेपाल ऐन, प्रदेश ऐन वा स्थानीय ऐन अन्तर्गत निकालिएका आदेश, बनेको नियमहरु, विनियमहरु वा अन्य प्रत्यायोजित विधायन त्यस्तो ऐन खारेज भई दफा २४ बमोजिम कायम रहेकोमा नयाँ ऐनसँग नबाँझिने गरी, खारेज गर्ने ऐनले दिएका अधिकार प्रयोग गरी त्यस्तो आदेश, नियम, विनियम वा अन्य प्रत्यायोजित विधायन संशोधन गर्न सकिनेछ ।"

१९. **मूल ऐनको दफा २५ मा संशोधन**: मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छः

"**२५. दुई वा दुई भन्दा बढि ऐन अन्तर्गत सजाय हुने कसूर**: दुई वा दुईभन्दा बढी ऐन बमोजिम कुनै काम गरेमा वा नगरेमा कुनै एक कसूर मानिने काम रहेछ वा त्यस्तो काम छुट्टाछुट्टै ऐन बमोजिम कसूर मानिने रहेछ भने कसूरदारलाई कुनै एक ऐन बमोजिम सजाय हुनेछ ।

तर, त्यस्तो काम छुट्टाछुट्टै ऐन बमोजिम छुट्टाछुट्टै प्रकृतिको कसुर मानिने रहेछ भने कसूरदारलाई प्रत्येक ऐन बमोजिम सजाय हुनेछ ।"

२०. **रुपान्तर**: मूल ऐनको दफा २०, २१, २२, २३, २४ र २७ को ठाउँ ठाउँमा रहेका "उपनियम" भन्ने शब्दको सट्टा "विनियम" भन्ने शब्द राखि रुपान्तर गरिएको छ ।

२१. **खारेजी**: मूल ऐनको दफा २ को खण्ड (ट) र (ण) खारेज गरिएका छन् ।

# अनुसूची-१०

## इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरुको नामावली

| २०७६ साल भदौ महिनादेखि  पुष महिनासम्म | | |
|---|---|---|
| **क्र.सं.** | **नाम** | **विद्यालय** |
| १. | सुजन बराल | नेशनल ल कलेज |
| २. | संयोजिता आचार्य | काठमाडौं विश्वविद्यालय स्कूल अफ ल |
| ३. | प्रतिमा श्रेष्ठ | नेपाल ल क्याम्पस |
| ४. | आश्मा खतिवडा | काठमाडौं स्कूल अफ ल |
| ५. | योगिता गजमेर | चक्रवर्ति हवि एजुकेशन एकेडेमी |

# अनुसूची-११

## आयोगको वेवसाइटमा रहेका कानूनहरुको विवरण

| सामग्रीको विवरण | नेपाली | | | अङ्ग्रेजी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मौजुदा | अभिलेख | जम्मा | मौजुदा | अभिलेख | जम्मा | |
| संबिधान | १ | ६ | **७** | १ | २ | **३** | **१०** |
| ऐन | ३४६ | ५९ | **४०५** | २९४ | ० | **२९४** | **६९९** |
| नियम | ३२३ | ८० | **४०३** | १४८ | ० | **१४८** | **५५१** |
| सन्धी र महासन्धी | २७ | ० | **२७** | ६९ | ० | **६९** | **९६** |
| गठन आदेश | ३६ | ७३ | **१०९** | ७२ | ० | **७२** | **१८१** |
| नीति | ७८ | २ | **८०** | ११ | ० | **११** | **९१** |
| अध्यादेश | ० | १९ | **१९** | ० | ० | **०** | **१९** |
| अन्य | १५ | ० | **१५** | ० | ० | **०** | **१५** |
| ऐतिहासिक दस्तावेज | ० | १८ | **१८** | ० | ० | **०** | **१८** |
| **जम्मा** | **८२६** | **२५७** | **१०८३** | **५९५** | **२** | **५९७** | **१६८०** |